# साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप भाग-५८

# Overview of Weekly Media Study Vol. 58

**नेपाल संवाद केन्द्र**

काठमाडौं, नेपाल

इमेल : nepalsamwadkendra@gmail.com

**PDF पठ्नका लागि QR Scan गर्नुहोस**

मिति : २०८२ फागुन १९, मंगलबार

**साप्ताहिक मिडिया अध्ययनको संक्षिप्त स्वरूप- भाग ५८**

नेपाल संवाद केन्द्रद्वारा प्रस्तुत यो साप्ताहिक मिडिया अध्ययन प्रतिवेदन २०८२ साल फागुन ११ गतेदेखि फागुन १९ गतेसम्म प्रमुख राष्ट्रिय दैनिक पत्रपत्रिका, अनलाइन, प्रिन्ट तथा टेलिभिजन माध्यममा प्रकाशित तथा प्रसारित समाचार, विचार, विश्लेषण र लेखहरूको गहन अध्ययनपश्चात् तयार गरिएको हो । यस प्रतिवेदनमा उक्त अवधिमा प्रकाशित सकारात्मक, पठनीय र रचनात्मक सामग्रीहरू समेटिएका छन् ।

यस अवधिमा नेपालका मिडियाले– नेवाः संस्कार र संस्कृतिमा होली पर्व; बागलुङको कालिका मन्दिरमा चैतेदशैं मेलाको तयारी सुरु; लोककला र संस्कृतिलाई विश्वमाझ चिनाउन सबैले हातेमालो गर्नुपर्ने आवश्यकता औंल्याउँदै आरसी कोइरालाको धारणा; जनकपुरधाम महोत्सवलाई मैथिली सांस्कृतिक पुनर्जागरणको उत्सवका रूपमा प्रस्तुत गरिएको विषय; सुरु भएको होली उत्सव तथा मिथिलाञ्चलमा होलीको रौनक; होलीमा 'जोगिरा' सुनिन छाडेको भन्दै संस्कृतिप्रेमीहरूको चिन्ता; होलीको अर्को सामाजिक-सांस्कृतिक कोण; गाउँ-गाउँमा आयोजना गरिएका सांस्कृतिक कार्यक्रम; प्राकृतिक तथा सांस्कृतिक सम्पदा संरक्षणमा प्राथमिकता दिनुपर्ने आवश्यकता; लुम्बिनी मन्त्रिपरिषद् बैठकद्वारा दुई विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति; रौतहटमा धार्मिक सहिष्णुता बिथोल्न खोजेको आरोपमा २३ जना नियन्त्रणमा; धार्मिक राजनीतिको चक्रव्युहमा तराई-मधेश फस्न सक्ने चिन्ता र त्यहाँको समसामयिक परिदृश्य; गणेशको मूर्ति र रेम्बोच्छेको जुत्तासम्बन्धी विवाद; कांग्रेस विजयी भए मात्रै धर्म-संस्कृति जोगिने दाबी गर्दै शेखर कोइरालाको अभिव्यक्ति; जनकपुर धार्मिक पर्यटन 'हब' बन्न सक्ने सम्भावनासम्बन्धी बहस; नेपाली संस्कृतिमा भैरवको स्थान; पर्यटनमार्फत अर्थतन्त्र उकास्ने प्रतिबद्धता; नेपाल पर्यटन बोर्ड ऐन संशोधनको तयारी; भूकम्पपछि फेला परेको नवौं शताब्दीको मूर्ति पुनः स्थापना; बसन्तपुरमा चीर ठड्याइएको प्रसंग; तथा काठमाडौं महानगरपालिकाका १० वडाभित्र ५०९ प्राचीन स्थाननामको पहिचानलगायतका विषयवस्तुहरू समेटिएका छन् ।

अन्तरदेशीय, कूटनीतिक, लोकतान्त्रिक तथा सामाजिक समाचारतर्फ– पूर्वाधारको आधारशिला र भारतीय पहुँचलाई समेट्दै औद्योगिक छलाङतर्फ उन्मुख लुम्बिनी; भारतको केरल राज्य 'केरलम' नामकरण गरिएको प्रसंग र त्यसको पृष्ठभूमि; भारतीय प्रधानमन्त्रीको नक्कली आवाजसहितको भिडियो नेपालमा भाइरल भएको घटना; नेपाल र भारतबीच जैविक विविधता संरक्षणसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर; रणनीतिक साझेदारी नयाँ चरणमा प्रवेश गरेको प्रधानमन्त्री मोदीको अभिव्यक्ति; भारतबाट थप विद्युत् आयातमा प्राधिकरणलाई देखिएको सकस; मतपत्रमार्फत बाँचेको लोकतन्त्र; आगामी निर्वाचनबाट देश र लोकतन्त्र दुवैले जित्नुपर्ने पूर्वप्रमुख निर्वाचन आयुक्तको धारणा; बदर मत लोकतन्त्रकै यक्ष प्रश्नका रूपमा प्रस्तुत; लोकतन्त्र, निर्वाचन र सञ्चारबीचको अन्तरसम्बन्ध; चुनाव जित्न धर्मगुरुको आशीर्वाद लिएको विषयमा मोरङ-६ मा चर्किएको बहस; जलथलको जैविक धरोहर तथा ठेकीफलको प्रचुरता; राष्ट्रिय आर्थिक गणनाअन्तर्गत गुणस्तरीय तथ्यांक संकलनका लागि मुख्य प्रशिक्षक प्रशिक्षण; निर्वाचन वर्षमा उपभोक्तामाथि महँगीको चाप; विश्वासमा अडिएको कृत्रिम बुद्धिमत्ताको भविष्य; राजनीतिमा महिलालाई अग्रस्थान दिनुपर्ने बहस; चुनावी रणनीतिमा अलमलिएको जेन-जी आन्दोलनको मर्म; विमलको लोभलाग्दो सफलता; नयाँ नेपाली 'पपुलिजम' प्रवृत्तिको विश्लेषण; मानवअधिकार संरक्षणमा बहुपक्षीय सहकार्य आवश्यक रहेको प्रधानमन्त्री कार्कीको धारणा; नैतिक नेतृत्व र विवेकपूर्ण मतदानको आवश्यकता; ६९ प्रतिशतभन्दा बढी मतदाताको मतदान गर्ने इच्छा; ११ अवस्थामा मत बदर हुने व्यवस्था; यसपटक मतपेटिका गणनास्थलसम्म पुऱ्याउने जिम्मेवारी नेपाली सेनालाई दिइएको प्रसंग; गण्डकी प्रदेशबाट विदेश पलायन अन्त्य हुनुपर्ने धारणा; प्रतिमतदाता राज्यको १,०१६ रुपैयाँ लगानी; विकासको बहुआयामिक यात्रा; निर्वाचनमा खटिएका सुरक्षाकर्मी घाइते भए उपचारको जिम्मा सरकारले लिने व्यवस्था; तथा "श्रम गरे मात्रै देश बन्छ" भन्ने हर्क साम्पाङको अभिव्यक्तिलगायतका विषयहरू समेटिएका छन् ।

यस साप्ताहिक मिडिया अध्ययन प्रतिवेदनमा समेटिएका विषयवस्तुहरूले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समसामयिक, सान्दर्भिक र रणनीतिक मुद्दाहरूको स्पष्ट, तथ्यपरक तथा व्यवस्थित परिदृश्य प्रस्तुत गरेका छन् । यो प्रतिवेदन अनुसन्धानकर्ता, नीतिनिर्माता, पाठक तथा सञ्चारकर्मीहरूका लागि उपयोगी सन्दर्भ सामग्री बन्ने विश्वास लिएका छौं ।

**Date: 2082 Falgun 19, Tuesday**

## Weekly Media Study Summary– Part 58

This Weekly Media Monitoring Report, presented by the Nepal Samwad Kendra, has been prepared following an in-depth review of news reports, opinions, analyses and feature articles published and broadcasted in major national daily newspapers, online portals, print outlets and television media from Falgun 11 to Falgun 19, 2082. The report encompasses positive, informative and constructive content published during this period.

During this timeframe, Nepali media highlighted various topics including: *"Holi as reflected in Newa rituals and cultural traditions; Preparations for the Chaitedashain fair at Kalika Temple in Baglung, The need for collective efforts to promote folk art and culture globally - R.C. Koirala; The Janakpurdham Festival as a celebration of Maithili cultural renaissance; The commencement of Holi celebrations in different regions including Mithilanchal; Concerns among cultural enthusiasts over the fading tradition of 'Jogira' songs during Holi; Alternative perspectives on Holi, Cultural programs organized across villages; Prioritization of natural and cultural heritage conservation; The Lumbini Provincial Cabinet meeting granting in-principle approval for drafting two bills; The detention of 23 individuals in Rautahat on charges of attempting to disturb religious harmony; Concerns over Terai-Madhesh being entangled in religious politics; Controversies surrounding a Ganesh idol and the footwear of Remboche; Statements by Shekhar Koirala asserting that religion and culture can only be preserved if Congress wins; Discussions on transforming Janakpur into a religious tourism hub; The place of Bhairav in Nepali culture; Commitments to revitalizing the economy through tourism; proposed amendments to the Nepal Tourism Board Act; Installation of a ninth-century idol discovered after the earthquake; Erection of the ceremonial 'Chir' pole in Basantapur and The identification of 509 ancient place names within 10 wards of Kathmandu Metropolitan City"* among other subjects.

On the international, diplomatic, democratic and social fronts, media coverage included: *"Lumbini's industrial advancement leveraging infrastructure foundations and Indian connectivity; The renaming of India's Kerala state as "Keralam" and the story behind it; A viral fake video in Nepal featuring an AI-generated voice of the Indian Prime Minister; The signing of a Memorandum of Understanding between Nepal and India on biodiversity conservation; Prime Minister Modi's statement on a new phase of strategic partnership; Challenges faced by the Electricity Authority in importing additional power from India; Democracy surviving through the ballot; Both the nation and democracy must win from the upcoming elections, says former Chief Election Commissioner; Invalid votes as a persistent democratic concern; The relationship among democracy, elections and communication; Debates sparked in Morang-6 following Dr. Koirala's move seeking blessings from religious leaders; Jalathal's biological heritage and the abundance of the Thekifal fruit; Training of master trainers for quality data collection under the National Economic Census; Rising consumer prices in the election year; The future of AI built on trust; Prioritizing women in politics; The underlying essence of the Gen-Z movement struggling in electoral strategies; Bimal's inspiring success story- An Analysis of the new nepali 'populism' trend; The Prime Minister's call for multilateral cooperation in human rights protection; Ethical leadership and prudent voting; Voter enthusiasm with over 69 percent expressing intent to vote; Eleven conditions under which votes are invalidated; The Nepal Army's responsibility this time to transport ballot boxes to counting centers; Gandaki Province's opinionated to end the compulsion of foreign migration; A state investment of Rs. 1,016 per voter; The multidimensional journey of development; Government's commitment to cover medical treatment for injured security personnel deployed in elections and Harka Sampang's message saying national development is possible only through hard work"* among other issues.

The themes covered in this Weekly Media Report presents a clear, factual and systematic overview of contemporary national and international developments, relevant contexts and strategic concerns. We believe this report will serve as a useful reference resource for researchers, policymakers, readers and media professionals as well.

## २०८२ फागुन ११ गतेदेखि फागुन १९ गते आइतबारसम्मका पत्रपत्रिकामा प्रकाशित समाचार, विचार, लेख र विश्लेषणको संक्षिप्त रिपोर्ट सबै Links को साथमा

### नेवा : संस्कार र संस्कृतिमा होली पर्व

हरेक वर्ष फागुन शुक्ल अष्टमीदेखि पूर्णिमासम्म होली पर्व मनाइन्छ । परापूर्वकालदेखि चल्दै आइरहेको नेवारीपनको होलीमा गाउने लोकगीत यस्तो छ- 'होलिया मेला मय्जु मसिउ ला अबिर भचासां छ्यनय् तयाः हुँ । अबिरया होली तं चाया ला ल्यासे अबिर भचा तयेका बिसिउँ वनाः ला।' अर्थात् होलीको मेला मैयाँ थाहा छैन र अबिर अलिकता भए पनि शिरमा लगाई जाउ । बाँकी...

स्रोत : **https://annapurnapost.com/story/494870/**

### बागलुङको कालिका मन्दिरमा चैतेदसैं मेलाको तयारी सुरू

नेपालकै पुरानो मेलामध्ये एक मानिने चैतेदसैंको तयारी बागलुङ कालिका मन्दिरमा सुरु भएको छ । मन्दिरको ऐतिहासिक महत्वसँग जोडिएको मेलाको तयारी बागलुङ कालिका मन्दिर व्यवस्थापन समितिले गरेको छ । प्रत्येक वर्ष चैतेदसैंको अवसरमा कालिका मन्दिर परिसरमा ठूलो मेला लाग्ने परम्परा रहेको छ । यस वर्ष मेला आगामी चैत १० गतेदेखि १४ गतेसम्म आयोजना गरिने जानकारी बागलुङ कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष भूपेन्द्र खड्काले दिए । बाँकी...

स्रोत : **https://www.newspolar.com/archives/410909**

### लोककला र संस्कृतिलाई विश्वमाझ चिनाउन सबैले हातेमालो गर्नुपर्छ : आरसी कोइराला

एभरेष्ट नेपाल कल्चरल ग्रुप नेपाली लोककला, संस्कृति र मौलिक पहिचानको संरक्षण, संवर्द्धन तथा अन्तर्राष्ट्रिय प्रवर्द्धन गर्ने उद्देश्यले सन् १९९८ मा स्थापना भएको एक विशुद्ध सामाजिक संस्था हो । यस संस्थाले दुई दशकभन्दा बढी समयदेखि नेपाली लोकनृत्य, संगीत र परम्परालाई विश्वसामु चिनाउने अभियानलाई निरन्तरता दिँदै आएको छ । बाँकी...

स्रोत : **https://ehimalayatimes.com/2026/02/424802/**

### जनकपुरधाम महोत्सवः मैथिली सांस्कृतिक पुनर्जागरणको उत्सव

जहाँ प्रत्येक गल्लीमा कथा छ, प्रत्येक मन्दिरमा स्मृति छ, प्रत्येक आँगनमा अरिपनको रेखा छ र प्रत्येक आवाजमा मैथिलीको मिठास छ । यही सहरमा विगत १० वर्षदेखि एउटा महोत्सव हुँदै आएको छ- जनकपुरधाम साहित्य-कला तथा अन्तरराष्ट्रिय नाट्य महोत्सव । हरेक दुई वर्षमा हुने यो महोत्सवको पाँचौं शृङ्खला हालै (फागुन ५-८) सम्पन्न भएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/546681/janakpurdham-festival-a-celebration-of-the-**

## मिथिलाञ्चलमा सुरु भयो होली

मिथिलाञ्चलमा आजदेखि होली पर्व विधिवत् सुरु भएको छ । पन्ध्र दिने माध्यमिकी परिक्रमाअन्तर्गत सातौं दिन आज बिहान भङ्गहा नगरपालिकाका-९ कञ्चनवनमा भगवान् रामचन्द्र र माता सीताको डोला र मूर्तिलाई एकापसमा रङ र अबीरले होली खेलाइ होली पर्व थालिएको हो । परिक्रमामा सहभागी हजारौं साधुसन्त, महात्मा र स्थानीयवासीले एकापसमा रङ अबीर साटासाट गर्दै होली पर्वको सुरुआत गरेका थिए । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/55719**

स्रोत : **https://shilapatra.com/detail/22105**

## मिथिलाञ्चलमा मास्क र फूलका साथ होली मनाइने

सामाजिक सद्भावको सन्देशलाई प्रगाढ बनाउने समानताको पर्व होली पर्वको आगमनसँगै मिथिलाञ्चलमा रौनकता छाएको छ । भव्य एवं आकर्षक ढङ्गले पर्व मनाउन आवश्यक सामग्रीको किनमेलका साथै खासगरी ग्रामीण क्षेत्रमा होलीको गीतले वातावरण गुञ्जयमान भएकाले रौनकता छाएको हो । यो पर्वलाई असत्यमाथि सत्यको जितका रूपमा लिइन्छ । आपसी प्रेम प्रतीकका रूपमा रहेको यस पर्वको माध्यमबाट एकापसमा भ्रातृत्वको भावना जागिृत गर्नु नै मुख्य उद्देश्य हो । बाँकी...

स्रोत : **https://shilapatra.com/detail/22105**

## होलीको अर्को कोण

हिन्द उपमहाद्वीपभरि मनाइने होलीमा एकरूपता छैन, यमुना-गंगाका दक्षिणी, उत्तरी मैदान र पश्चिमका अनेक प्रचलनबाट यसको आदिमतामाथि विमर्श गर्न सकिन्छ सिंगो हिन्द उपमहाद्वीपको आदिमतम प्रागैतिहासिक उत्सवमध्येको एक हो- होली पर्व। फागुनमा मनाइने भएकाले पछि फागु वा फगुवा भनियो। बाँकी... स्रोत : **https://ekantipur.com/koseli/2023/03/04/167789630437118779.html**

## कञ्चनवनमा रङ खेलेर मिथिलाञ्चलमा होलीको स्वागत

साधुसन्तले महोत्तरीको कञ्चनवन पुगेर रङ खेलेसँगै मिथिलाञ्चलमा होली शुरू भएको छ । धार्मिक मान्यता अनुसार त्रेतायुगमा राम र जानकी विवाहपश्चात् विहार गर्दै मिथिलाका विभिन्न क्षेत्र पुगेका थिए। त्यही क्रममा फागुन शुक्ल सप्तमीका दिन कञ्चनवन पुगेर रङ खेलेका थिए । त्यही दिनको सम्झनामा कञ्चनवनमा 'होरी उत्सव' मनाउने चलन छ । बाँकी...

स्रोत : **https://www.himalkhabar.com/news/140647**

## गाउँ गाउँमा सांस्कृतिक कार्यक्रम

प्रतिनिधि सभा निर्वाचन नजिकिँदै जाँदा यहाँका गाउँसहर चुनावमय बनेका छन्। राजनीतिक दलका उम्मेदवारले गाउँकेन्द्रित कार्यक्रम गर्न थालेपछि अहिले गाउँघरमा चुनावी रौनकता छाएको छ। हरेक पार्टीका उम्मेदवार सांस्कृतिक कार्यक्रम लिएर मतदातासमक्ष पुगिरहेका छन्। यसले गर्दा अहिले गाउँमा चुनावी वातावरण निकै तातिँदै गएको घोराही-१६, मघैका नगेन्द्र चौधरीले बताउनुभयो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/index.php/news/194001**

## मिथिलाञ्चलमा विधिवत् होली पर्व सुरु

महोत्तरी जिल्लाको भङ्गहा नगरपालिका-९ कञ्चनवनमा भगवान् रामचन्द्र र माता जानकीले प्रतिकात्मक रूपमा होली खेलेसँगै सम्पूर्ण मिथिलाञ्चलमा आजदेखि होली पर्व विधिवत् सुरु भएको छ। संसारकै लामो यात्रा मानिएको १५ दिने माध्यमिकी परिक्रमाअन्तर्गत आज  बिहान महोत्तरीको कञ्चनवनमा साधु, सन्त, महात्माले भगवान् रामचन्द्र र सीता माताको प्रतिमामा रङ, अबिर हालेपछि सम्पूर्ण मिथिलाञ्चलमा विधिवत् रूपमा होली प्रारम्भ भएको हो। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/417167/mithilanchal-holi-**

## प्राकृतिक र सांस्कृतिक सम्पदा संरक्षणमा प्राथमिकता

करिव एक दशकदेखि सक्रिय र सशक्त सामाजिक अभियन्ताको रूपमा चर्चामा आएका राजाराम तण्डुकार ललितपुर जिल्लाको क्षेत्र नम्बर २ मा उज्यालो नेपाल पार्टी (चिम चिह्न) का तर्फबाट प्रतिनिधिसभा सदस्यको प्रत्यक्षतर्फको उम्मेदवार हुनुहुन्छ । एमबीएसम्मको अध्ययन गरेका तण्डुकार मूल रूपमा हस्तकला उद्योग तथा व्यापार व्यावसायी एवं जुझारु सामाजिक अभियन्ता हुनुहुन्छ। प्रस्तुत छ, फागुन २१ गते हुन लागेको आम निर्वाचनको सन्दर्भमा उहाँसँग गरिएको ताजा कुराकानीको सार : बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/03/01/756462/**

## मिथिला मध्यमा परिक्रमा : सांस्कृतिक सम्बन्धको निरन्तरताख

मिथिला माध्यमिकी परिक्रमाका यात्री दोहोर्याएर भारत पुगेका छन्। पन्ध्र दिने यो परिक्रमामा दोस्रो र तेस्रो दिन भारतको मधुवनी जिल्लाको कल्याणेश्वर (कलना) र गिरिजास्थान (फुलहर)मा बिताएका यात्री फेरि १३औँ दिन शनिबार भारत पुगेका हुन्। यात्राको उत्तरार्द्धतिर १३ औँ दिन मधुवनीकै करुणामा शनिबार रात बिताएका यात्री आज आइतबार १४औँ दिन मधुवनीकै बिसौल पुग्दैछन्। बिसौलमा आज परिक्रमाका यात्री मध्यान्हसम्म सबै पुग्नेछन्। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/547125/mithila-madhya-parikrama**

## लुम्बिनी मन्त्रिपरिषद् बैठकः दुई वटा विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति प्रदान

लुम्बिनी प्रदेश सरकारले दुई वटा विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति प्रदान गरेको छ। थारु समुदायका प्रथाजनित प्रणाली, मूल्य-मान्यता तथा असल अभ्यासलाई संस्थागत गर्ने र छाडा चौपाया व्यवस्थापन गर्न विधेयक तर्जुमाका लागि सैद्धान्तिक सहमति दिएको हो। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/545793/lumbini-council-of-ministers-**

## रौतहटमा धार्मिक सहिष्णुता बिथोल्न खोजेको आरोपमा २३ जना नियन्त्रणमा

रौतहटको गौरमा हिन्दु र मुस्लिम समुदायको विवादलाई थप चर्काउने भूमिका खेलेको आरोपमा प्रहरीले जनमत पार्टीका जिल्ला इन्चार्ज शेख जम्सेद र गौर नगरपालिका-६ का वडा अध्यक्ष अवध बिहारी शाहलाई पक्राउ गरेको छ। बाँकी... स्रोत : **https://barnanmedia.com/news/detail/263006/**

## धार्मिक राजनीतिको चक्रव्युहमा तराई मधेश फस्न सक्ने चिन्ता, कस्तो छ त्यहाँको परिदृश्य

घरघरमा गेरु रङ्गको झण्डा, केहीमा हनुमान्‌को तस्बिर । हिन्दू समुदायको बाहुल्य रहेको ग्रामीण बस्तीको बीचमा एउटा मस्जिद। त्यहाँबाट करिब १०० मिटर पर रामजानकीको मन्दिर । पाँच दशकदेखि धनुषाको सखुवामडानमा बस्दै आएकी सबिला खातुन छठ र ईद दुवैमा उत्सवजस्तो माहोल देखिने आफ्नो गाउँको पछिल्लो अवस्था सम्झिएर हिजोआज राम्रोसँग निदाउन सकेकी छैनन् । बाँकी...

स्रोत : **https://www.bbc.com/nepali/articles/c8x9xq5401no**

## गणेशको मूर्ति र रेम्बोच्छेको जुत्ताको डोब

रसुवा जिल्लाको साबिक हाकु गाविस हाल आमाछोदिङमो गाउँपालिका-३, हाकुबेसीमा रहेको भगवान् गणेशको मूर्ति र रेम्बोच्छेको जुत्ताको डोबका कारण सो क्षेत्र धार्मिक पर्यटकीय गन्तव्य स्थलको रुपमा चिनिन थालेको छ । हाकुबेसीका स्थानीय शिक्षक कार्बो तामाङका अनुसार हाकुबेसीनजिकै ओडारमा लामाहरू गुफा बस्ने क्रममा मिङमार छोवाङ (खेवा लामा) ले यस ठाउँमा गुरु रेम्बोच्छेको जुत्ता र गणेशको मूर्ति रहेको सपना देखेछन् । बाँकी... स्रोत : **https://newsofnepal.com/2026/02/23/755517/**

## होलीमा 'जोगिरा' सुनिन छाड्यो, संस्कृतिप्रेमीहरू चिन्तित

वसन्त ऋतुको आगमनसँगै मिथिलाञ्चलका गाउँ टोलमा गुञ्जिने होलीको सुमधुर धुन यतिबेला सुनिन छाडेको छ । श्रीपञ्चमीदेखि फागुपूर्णिमासम्म घर आँगन, चोक र गल्लीहरूमा जोगिरा गाउने युवापुस्ता विदेश पलायन हुँदा परम्परा लोप हुने चिन्तामा स्थानीय संस्कृति प्रेमीहरू छन् । "कौन ताल पर ढोलक बाजे, कौन ताल मृदङ्ग... जोगीरा सररर...!" **https://www.ratopati.com/story/546306/jogira-stopped-being-heard-on-holi-culture-lovers-worried**

## कांग्रेस जिते मात्रै धर्म-संस्कृति जोगिन्छ : शेखर कोइराला

नेपाली कांग्रेसका वरिष्ठ नेता एवं मोरंङ क्षेत्र न. ६ का प्रतिनिधि सभाका उमेदवार डा. शेखर कोइरालाले कांग्रेसले जिते मात्रै धर्म संस्कृति जोगिने बताएका छन् । कोइरालाले सबै जातजातिको मौलिकता, धर्म, संस्कृति र आस्था बाँचे मात्रै राष्ट्र र लोकतन्त्र बलियो हुने बताए । कोइरालाले धर्म सस्कृति संस्कार र सभ्यता माथिको प्रहार रोक्न कांग्रेसको जित जरुरी रहेको बताए । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/02/23/755574/**

## फेरिएला त जनकपुरको काँचुली, बन्ला त धार्मिक पर्यटन 'हब' ?

बर्सेनी १ करोड बढी धार्मिक पर्यटक भित्र्याएर जनकपुरको काँचुली फेर्ने नेताका आश्वासन र भाषण केवल बोली र कागजमा मात्रै सीमित छन् । यसपटक पनि ठूलादेखि साना दलका नेता र उम्मेदवारले जनकपुरलाई धार्मिक पर्यटनको हब बनाउने एजेन्डा अघि सारेका छन्, तर मतदाताले पत्याइसकेका छैनन् । जनकपुरधाम : जनकपुरको पहिचान नै हो- प्राचीन, धार्मिक र सांस्कृतिक सहर । मिथिला संस्कृतिले सम्पन्न यो सहर धार्मिक तीर्थस्थलको रूपमा प्रख्यात छ । बाँकी...

स्रोत : **https://annapurnapost.com/story/494664/?fbclid=IwY2xjawQLXLJleH**

## बास्केटबलमा हिमालय र संस्कृति सेमिफाइनलतर्फ

हिमालय र संस्कृति शिक्षासदन प्रथम तेजस्वी कप अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको ब्वाइजतर्फ सेमिफाइनलमा पुगेका छन् । आयोजक तेजस्वी एकेडेमीको कोर्टमा हिमालयले तेजस्वीलाई ५०-४४ स्कोरले पराजित गर्‍यो । हिमालयका अरुण कार्कीले २८ स्कोर गरे । रोमन गुरुङको २९ स्कोरमा संस्कृतिले गुरुकुललाई ४१-३० ले हरायो । ह्वाइट हेभेन र एन्जल्स हार्टले पनि सेमिफाइनलमा स्थान सुरक्षित गरे । ह्वाइट हेभेनले सेबलाई ५६-४४ ले हरायो । हेभेनका विवेश बर्देवाले १४ स्कोर जोडे । बाँकी...

स्रोत : **https://ekantipur.com/sports/2026/02/25/himalaya-and-sanskriti-advance-to-**

## नेपाली संस्कृतिमा भैरवको स्थान

भैरव शब्दको अर्थ भयानक, डरलाग्दो भन्ने बुझिन्छ । भैरवसँग काल पनि डराउँछ, त्यसैले काल भैरव भनियो भनिन्छ । भैरव हेर्दा डरलाग्दो, भयानक अनुहार, डर, त्रासको रक्षा र न्यायका देवता मानिन्छ । विशेष गरी भैरवको मुकुण्डो कालो र गाढा निलो बढी देखिन्छ । रातो, सेतो, पहेँलो र फिक्का निलो आकासे रङको प्रयोगमा पनि देखिन्छन् । खास गरी भैरवको मूर्तिमा कानदेखि गलासम्म र शिर, हात, पाउमा समेत नागको गहना लगाएको, आगो ओकलेको, ठुल्ठुला तीन वटा आँखा, मसिनो दाह्रा निक्लेको मानव खप्परको माला लगाएको, कालो वर्ण देखिन्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/193055**

## पर्यटनबाट अर्थतन्त्र उकास्ने वाचा

निर्वाचनमा उत्साहजनक रूपमा सहभागी भइरहेका राजनीतिक दलहरूले पर्यटन क्षेत्रलाई राष्ट्रिय अर्थतन्त्र, रोजगारी र उद्यमशीलताको मुख्य आधार बनाउने साझा प्रतिबद्धता अघि सारेका छन् । आगामी बिहीबार हुने गइरहेको प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरूले जनतासमक्ष लगेका प्रमुख वाचामध्ये पर्यटन र नागरिक उड्डयन क्षेत्रमा आर्थिक रूपान्तरण गर्ने साझा एजेन्डा अघि सारेका हुन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/193661**

## नेपाल पर्यटन बोर्ड ऐन संशोधन गरिने

नेपाल पर्यटन बोर्ड ऐन संशोधन गरिने भएको छ । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले नेपाल पर्यटन बोर्ड ऐन, २०५३ लाई संशोधन गर्ने तयारी गरेको हो । उक्त ऐनलाई संशोधन गर्न बनेको विधेयकको मस्यौदा मन्त्रालयले तयार गरेको छ । ऐनको दफा ६ लाई संशोधन गरेर बोर्डको काम कतव्य अधिकारलाई विस्तार गर्न खोजिएको छ । बाँकी...

स्रोत : **https://rupantaranpost.com/archives/69066**

## भरतताल निर्माणमा मुछिएका बागमतीका मेयर थापाविरुद्धको चौथो भ्रष्टाचार मुद्दा के हो ?

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सर्लाहीको सागरनाथ वन परियोजनाको वन पैदावर गैरकानुनी रुपमा निकासी गरेको आरोपमा बुधबार बागमती नगरपालिकाका मेयर भरत थापासहित १३ जनामाथि भ्रष्टाचार मुद्दा दायर गर्‍यो । मेयर थापाले सर्लाहीको सागरनाथ वनक्षेत्र मासेर कृत्रिम ताल निर्माण गरेको आरोप खेपिरहेका छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/02/1867092/what-is-the-fourth-**

## भूकम्पपछि भेटिएको नवौँ शताब्दीको मूर्ति स्थापना

कीर्तिपुर नगरपालिका-६ स्थित चारघरेमा भगवान् विष्णुको मूर्ति स्थापना गरिएको छ। विसं २०७२ को भूकम्पबाट क्षतिग्रस्त जालन्धर शक्तिपीठ पुनर्निर्माणका क्रममा फेला परेको मूर्ति बृहत् चारघरे धार्मिक समितिको अगुवाइमा मंगलबार स्थापना गरिएको हो। मूर्ति प्राणप्रतिष्ठाका निम्ति कीर्तिपुर नगरपालिकाले १२ लाख रुपैयाँ तथा स्थानीयले चन्दा दिएका थिए । मन्दिरको प्रारूप कीर्तिपुर नगरपालिका-६ का प्राविधिक प्रभाष महर्जनले तयार गरेका हुन्। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1877891/installation-of-9th-century-statue-**

## बसन्तपुरमा ठड्याइयो चीर, सुरु भयो होली उत्सव

काठमाडौंको बसन्तपुरमा रङ्गीचङ्गी ध्वजाले सजाइएको तीनतले चीर ठड्याइएको छ। यससँगै आजबाट रङ्गहरुको पर्व होलीको उत्सव औपचारिक रुपमा सुरु भएको छ। फागुन शुक्ल अष्टमीका दिन काठमाडौंको बसन्तपुरस्थित हनुमानढोका दरबारको गद्दी बैठकको दक्षिणतर्फ चीर ठड्याएपछि देशभर फागु अर्थात् होली पर्व सुरु भएको मानिन्छ। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1877586/holi-festival-**

## वसन्तपुरमा चीर ठड्याइयो, होली शुभारम्भ

काठमाडौँको वसन्तपुरमा होलीको चीर ठड्याइएको छ । मंगलबार बिहान रंगीविरंगी कपडाहरूको ध्वजापताकासहितको तीन खण्डे चीर ठड्याइएको हो । हनुमानढोका दरबारको दक्षिण पटाङ्गिनी, ऐतिहासिक मोहनकाजी चोक तथा दाखचोकमा ३२ फुट उचाइको तीन खण्डे गजुर जस्तो देखिने रंगीविरङ्गी होली चीर ठड्याइएको हो। चीर ठड्याइसकेपछि गुर्जुको पल्टनबाट हर्ष बढाइ गरिएको थियो।बाँकी...

स्रोत : **https://www.ratopati.com/story/546012/chir-was-set-up-in-basantapur-holi-began-**

## धार्मिक राजनीतिको चक्रव्युहमा तराई मधेश फस्न सक्ने चिन्ता, कस्तो छ त्यहाँको परिदृश्य

घरघरमा गेरु रङ्गको झण्डा, केहीमा हनुमान्‌को तस्बिर। हिन्दू समुदायको बाहुल्य रहेको ग्रामीण बस्तीको बीचमा एउटा मस्जिद। त्यहाँबाट करिब १०० मिटर पर रामजानकीको मन्दिर। पाँच दशकदेखि धनुषाको सखुवामडानमा बस्दै आएकी सबिला खातुन छठ र ईद दुवैमा उत्सवजस्तो माहोल देखिने आफ्नो गाउँको पछिल्लो अवस्था सम्झिएर हिजोआज राम्रोसँग निदाउन सकेकी छैनन्। बाँकी...

स्रोत : **https://www.bbc.com/nepali/articles/c8x9xq5401no**

## काठमाडौं महानगरको १० वडाभित्रका ५०९ स्थानमा प्राचीन नाम पहिचान

काठमाडौं महानगरपालिकाले १० वटा वडाभित्रका ५०९ वटा स्थानका प्राचीन र मौलिक नाम निश्चित भएको जनाएको छ । सम्पदा तथा पर्यटन विभागले एकीकृत सहरी विकास केन्द्रसँगको सहकार्यमा यसअघि दुई चरणमा गरेको अध्ययनबाट ४३० वटा मूल नाम र ७९ वटा सहायक नाम यकिन गरेको कामपा सम्पदा तथा पर्यटन विभागका प्रमुख कुमारी राईले जानकारी दिए। बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/social-affairs/ancient-names-identified-in- -**

## होलीमा स्वास्थ्य

प्राचीनकालमा फूल र रुखबाट प्राप्त रंग प्रयोग हुँन्थ्यो । शरीरलाई हानि गर्दैनथ्यो। हाल कृत्रिम रंगको बोलवाला छ । रसायन मिसाइएका रंग फोक्सो, छाला, आँखा, नाक, कान, घा"टी, कपालका लागि हानिकारक हुँन्छन् । बाँकी... स्रोत : **https://annapurnapost.com/story/495037/**

## होली पर्वको संरक्षणमा जोड

होली पर्वको पूर्व सन्ध्यामा यहाँ विभिन्न कार्यक्रमको आयोजना गरीएको छ । यस क्रममा मधेशी आयोगले सोमवार सप्तरी सदरमुकाम राजविराजमा होली महोत्वस २०८२ को आयोजना गरेको छ । समाजका विभिन्न व्यक्तित्वहरु सहभागी भई होलीको गित गाउँदै र नाँचगान गर्दै एक आपसमा रंग अबिर लगाएर आत्मियता साटासाट गरेका छन । मधेशमा होली पर्व मंगलवार परे. पनि सो दिन चन्द्रग्रहण लाग्ने भएकाले अधिकाँशले बुधवार होली पर्व मनाउने तयारी गरेका छन । बाँकी...

स्रोत : **https://rajdhanidaily.com/id/132772/**

## तराई मधेशमा आज होली पर्व मनाइँदै

रंगहरूको पर्व होली आज तराई-मधेशका जिल्लाहरूमा मनाइँदै छ । पहाडी र हिमाली जिल्लाहरुमा सोमबार नै होली मनाइएको थियो । त्यसको एक दिनपछि तराईमा होली मनाउने चलन छ । होलीको अवसरमा सरकारले आज तराई मधेशका जिल्लाहरूमा सार्वजनिक बिदा दिएको छ । पहाडी जिल्लामा सोमबार सार्वजनिक बिदा थियो । स्थानअनुसार मनाइने होलीको नाम पनि फरक-फरक छ । हिमाली र पहाडी भेकमा 'फागु पूर्णिमा' र तराई-मधेशमा 'होली' भनिन्छ । मैथिली भाषामा भने होलीलाई 'फगुआ' वा 'होरी' भन्ने गरिन्छ । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1881874/holi- -**

## वसन्तोत्सव अर्थात् होली र फागु

फागु परस्पर मेलमिलाप र सामाजिक सौहार्दको पर्व हो । यस पर्वले भाइचाराको सन्देश दिन्छ । फागुको दिन सबैले आफ्नो पुराना रिसराग बिर्सेर एकअर्कालाई अँगालो हालेर रङ लगाउँछन् । यो पर्वमा यस्तो शक्ति छ कि वर्षौं पुरानो शत्रुता पनि आजको दिन मित्रतामा परिणत हुन्छ । त्यसैले फागुलाई सद्भावको पर्व पनि भनिन्छ । समय एउटा घटना र अर्को घटना बीचको भिन्नता बुझाउन प्रयोग गरिने विषय हो । युग, संवत्सर, संवत्, वर्ष, महिना, दिन, प्रहर, घन्टा आदि समयका एकाइ हुन् । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2024/03/1453517/spring-festivals-ie-holi-and-fagu**

## एकजुट भएर मनाइयो होली

वसन्त ऋतुको आगमनसँगै रङ र खुसीको पर्वका रूपमा मनाइने फागुपर्व सोमबार नेपालका पहाडी क्षेत्रमा धुमधामसाथ मनाइएको छ । चुनावी माहोललाई पर राखेर सबै जना रङको पर्वमा रमाएका थिए । सुन्धारादेखि वसन्तपुरको डबलीसम्म होलीको रमझममा विशेष गरी युवापुस्ता र पर्यटक रमाएका थिए । होलीलाई लक्षित गरी अस्ट्रेलियादेखि नेपाल आएका विदेशी पर्यटक एड्रिन भन्नुहुन्छ, "होली खेल्न नेपाली साथीसँग १५ दिनका लागि यहाँ आएको हुँ ।" । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/194402**

## घान्द्रुक पर्यटन महोत्सवमा घोडा दौड

घान्द्रुकमा पर्यटन महोत्सव हुने भएको छ। घान्द्रुक पर्यटन व्यवस्थापन समितिको आयोजनामा चैत २७ देखि ३० गतेसम्म महोत्सव गर्न लागिएको हो । महोत्सवमा क्लबस्तरीय पुरुष तथा महिला भलिबल, बास्केटबल, घोडादौड, चक्रीय पदमार्ग दौड, ठेलो हान्ने र म्युजिकल प्रतियोगिता हुने समितिका अध्यक्ष विक्रम गुरुङले बताए।। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/418976/ghandruk-festival**

## पर्यटनको प्रशस्त पूर्वाधार बोकेको कपिलवस्तु जहिल्यै सुनसान

शाक्यवंशीय राजधानी प्राचीन कपिलवस्तु २५ सय वर्षअघिसम्म दक्षिण एसियाकै व्यवस्थित, योजनाबद्ध र सग्लो सहर थियो । १२ वर्षदेखि बेलायतको दुर्हाम युनिभर्सिटी, पुरातत्त्व विभाग र लुम्बिनी विकास कोषका पुरातत्त्वविद् र विशेषज्ञ संलग्न टोलीले गरेको उत्खनन, अध्ययन र अन्वेषणले उक्त तथ्य फेला पारेका हुन्। बेलायती प्रयोगशालामा माटो, कार्बन डेटिङ लगायत परीक्षण गर्दा प्राचीनतम् भएको विवरण आएको हो । बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/03/02/kapilvastu-which-has-abundant-tourism-**

## पोखरामा पनि विदेशी पर्यटकले होली पर्व मनाए, फेवाताल किनारमा पर्यटक भिडभाड

पर्यटनको राजधानी पोखरामा विदेशी पर्यटकहरुले पनि होली पर्व मनाउनु भएको छ। रंगहरुको पर्वको रुपमा रहेको होली पर्व यस बर्ष अनौपचारिक रुपमा विदेशी पर्यटकहरुले स्वतःस्फुर्त रुपमा एक आपसमा रंग लगाउदै होली पर्व मनाउनु भएको हो। बाँकी...

स्रोत : **https://pokharaclick.com/2026/03/02/54246/**

## पोखरामा चिनियाँ पर्यटकको होली (फोटो फिचर)

अघिल्ला वर्षमा रंगहरुको पर्व फागु पूर्णिमा (होली) को दिन पोखराको लेकसाइड पूरै भरिभराउ हुन्थ्यो । पोखराको विभिन्न ठाउँबाट होली खेल्दै अधिकांश युवायुवतीहरु पोखराको लेकसाइडमा होली खेल्न पुग्थे । स्वदेशी तथा बिदेशी पर्यटकको उपस्थितिले रौनक नै छुट्टै हुन्थ्यो । तर यस पटकको फागु पूर्णिमामा भने केही फरक देखिएको छ। लेकसाइडमा स्वदेशीभन्दा विदेशी नै होलीमा रमाइरहेको दृश्य देखियो। कारण थियो, कोरोना त्रास। बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2020/03/842828/%E0%A4%A**

## विराटनगरमा माटोको हाँडीले रातभर त्रास

निर्वाचनको मौन अवधि सुरु भएपछि विराटनगर सुनसान थियो । तर सोमबार राति जिल्ला प्रशासन कार्यालय अगाडि, विराटनगर महानगरपालिका-७ स्थित डाँफे चोकमा कालो प्लास्टिकको झोलाभित्र राखिएको शंकास्पद वस्तुले एकाएक सुरक्षा संयन्त्रलाई उच्च सतर्कतामा पुऱ्यायो । करिब मध्यराततिर सिसी क्यामेरामा स्कुटर चढेर आएका एक व्यक्तिले झोला राखेर फर्किएको दृश्य देखिएपछि प्रहरी झन् सचेत भयो। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/03/1881932/mudslides-cause-**

## एकजुट भएर मनाइयो होली

वसन्त ऋतुको आगमनसँगै रङ र खुसीको पर्वका रूपमा मनाइने फागुपर्व सोमबार नेपालका पहाडी क्षेत्रमा धुमधामसाथ मनाइएको छ । चुनावी माहोललाई पर राखेर सबै जना रङको पर्वमा रमाएका थिए । सुन्धारादेखि वसन्तपुरको डबलीसम्म होलीको रमझममा विशेष गरी युवापुस्ता र पर्यटक रमाएका थिए । होलीलाई लक्षित गरी अस्ट्रेलियादेखि नेपाल आएका विदेशी पर्यटक एड्रिन भन्नुहुन्छ, "होली खेल्न नेपाली साथीसँग १५ दिनका लागि यहाँ आएको हुँ ।" । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/194402**

## Phagu Purnima celebrations begin with 'chir' installation

The colourful festivities of Phagu Purnima, commonly referred to as Holi, commenced at Basantapur, Kathmandu, on Tuesday with the traditional installation of the chir, a traditional wooden pole. the bamboo pole, adorned with vivid strips of cloth, marked the beginning of the vibrant celebration known as the festival of colours. बाँकी... स्रोत : **https://kathmandupost.com/visual-stories/2026/02/24/phagu-**

## Splendor of Holi begins after installation of Chir in Basantapur

The splendor of this year's Phagu poornima or the festival of Holi has begun with the installation of colourful Chir near the Kumari Ghar and Gaddi Baithak in Basantapur, Kathmandu. on the day of Ashtami of the month of Falgun, it is customary for members of the Dhalasikw Manandhar Sana: बाँकी...

स्रोत : **https://risingnepaldaily.com/news/76117**

## 2026 Shaping A Human-Centric Future For AI

At a defining moment in human history, the world gathered at the AI Impact Summit 2026 in New Delhi. For us in India, it was a moment of immense pride and joy to welcome Heads of State, Heads of Government, delegates and innovators from across the world. बाँकी...

स्रोत : **https://risingnepaldaily.com/news/76027**

## Parties Pledge To Prioritise Tourism

As the much-awaited March 5 elections to the House of Representatives (HoR) are approaching, political parties, their candidates, and independent aspirants have accelerated campaigns for wooing voters. The candidates have now been busy carrying out their 'door-to-door drives', making various pledges to the electorate. बाँकी... स्रोत : **https://risingnepaldaily.com/news/76077**

## Kathmandu bans Holi stage shows, caps night businesses ahead of polls

The District Administration Office, Kathmandu, has imposed a blanket ban on setting up stages, organising musical events and holding fairs in public places during Holi on Monday. the decision comes ahead of Thursday's House of Representatives election, citing security concerns and enforcement of the election code of conduct.
in a notice issued by Assistant Chief District Officer Muktiram Rijal, the administration said Holi could be misused for political campaigning in violation of the code. It has stepped up monitoring. बाँकी...

स्रोत : **https://kathmandupost.com/national/2026/02/27/kathmandu-bans-holi-stage-**

## पूर्वाधारको 'जग' र भारतीय 'पहुँच' समात्दै औद्योगिक छलाङतिर लुम्बिनी

सुदृढ भौतिक पूर्वाधार र छिमेकी मुलुक भारतसँगको रणनीतिक पहुँचका कारण लुम्बिनी प्रदेश मुलुककै प्रमुख 'औद्योगिक हब' का रूपमा स्थापित भइरहेको छ । आन्तरिक लगानीको तीव्र विस्तारसँगै विदेशी लगानीकर्ताले समेत यस क्षेत्रलाई प्राथमिकतामा राख्न थालेपछि लुम्बिनीले नेपालको समग्र औद्योगिक विकासको नेतृत्व गर्ने बलियो संकेत देखाएको हो । बाँकी...

स्रोत : **https://www.ukeraa.com/news/detail/171291/**

## भारतको 'केरल' राज्य बन्यो 'केरलम', यस्तो छ नाम पछाडिको कथा

भारतको केन्द्रीय मन्त्रिपरिषद्ले 'केरल' राज्यको नाम परिवर्तन गरी 'केरलम' राख्ने प्रस्तावलाई स्वीकृति दिएको छ । यस निर्णयले मलयालम भाषामा प्रचलित राज्यको मौलिक नामलाई औपचारिक मान्यता दिने बाटो खोलेको छ । नाम परिवर्तनको विषय पछिल्ला केही वर्षदेखि चर्चामा थियो । यससँग पौराणिक कथा, ऐतिहासिक सन्दर्भ र भाषिक तर्कहरू परशुरामको कथादेखि मौर्य सम्राट अशोकका शिलालेखसम्म जोडिएका छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/02/1878308/the-indian-**

## गगन जोडिएको भारतीय प्रधानमन्त्रीको नक्कली आवाजसहितको भिडियो नेपालमा भाइरल

हामीले गरेको तथ्य जाँचमा सन् २०२५ को सेप्टेम्बर २ मा आयोजित सेमिकोन इन्डिया २०२५ मा मोदीले गरेको सम्बोधनको दृश्यमा एआई निर्मित आवाज प्रयोग गरेर गलत सूचना फैलाएको पुष्टि भएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले 'नेपालका लागि गगन थापा चाहिन्छ' भनेको दाबीसहितको ६ सेकेन्डको भिडियो सामाजिक सञ्जालमा भाइरल छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1878683/video-of-indian-prime-minister-with-fake-voice-connected-to-sky-goes-viral-in-nepal**

## नेपाल र भारतबीच जैविक विविधता संरक्षणसम्बन्धी समझदारीपत्रमा हस्ताक्षर

नेपाल र भारत सरकारबीच जैविक विविधता संरक्षणसम्बन्धी द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर भएको छ। नेपालका वन तथा वातावरणमन्त्री माधवप्रसाद चौलागाईं तथा भारतका वातावरण, वन तथा जलवायु परिवर्तनमन्त्री भुपेन्द्र यादवको समुपस्थितिमा सो समझदारी पत्रमा बुधबार नयाँदिल्लीमा हस्ताक्षर भएको हो । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/02/1879125/nepal-and-india-sign-**

## भारतबाट थप बिजुली ल्याउन प्राधिकरणलाई सकस

नेपाल विद्युत् प्राधिकरणलाई भारतबाट गर्मीयामका लागि थप बिजुली ल्याउन सकस भएको छ। प्राधिकरणले भारतबाट थप १०० मेगावाट विद्युत् खरिद गर्न आह्वान गरेको दोस्रोपटकको टेन्डरमा पनि कुनै प्रस्ताव नपरेको हो। प्राधिकरणले आगामी अप्रिल र मे (१८ चैतदेखि १७ जेठसम्म) मा भारतबाट थप १००-१०० मेगावाट विद्युत् खरिद गर्न दोस्रोपटक १ फागुनदेखि १० फागुनसम्मको म्याद राखेर टेन्डर आह्वान गरेको थियो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/189478/2026-03-01**

## मतपत्रमा बाँचेको लोकतन्त्र

लोकतन्त्रको सबैभन्दा ठुलो उपलब्धि भनेको सत्ताका लागि हुने द्वन्द्वलाई हिंसाबाट मतपत्रमा रूपान्तरण गर्नु हो । मतदान शान्तिपूर्ण सत्ता हस्तान्तरणको आधार हो । जब नागरिक सक्रिय रूपमा मतदानमा सहभागी हुन्छन्, त्यसले बल प्रयोग निरुत्सहित गर्दै केवल बहस र मतको माध्यमबाट निर्णय गर्ने संस्कृतिलाई बल दिन्छ । मतदातमा सहभागिता घट्दा निराशा बढ्छ, र निराशाले चरमपन्थी र अलोकतान्त्रिक विकल्पलाई ठाउँ दिन्छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/193675**

## आगामी निर्वाचनमार्फत देश र लोकतन्त्रले जित्नुपर्छ : पूर्वप्रमुख निर्वाचन आयुक्त

पूर्वप्रमुख निर्वाचन आयुक्त नीलकण्ठ उप्रेतीले लोकतन्त्रको स्थायित्व र सुशासनका लागि हुन गइरहेको निर्वाचनको महायज्ञलाई शान्तिपूर्ण रूपमा सम्पन्न गराउने वातावरण बनाउन सबै राजनीतिक दल र उम्मेदवारलाई अपिल गरेका छन् । उनले राजनीतिक दल र उम्मेदवारबाट हुने शान्तिपूर्ण चुनावी प्रचारप्रसार र चुनावमा मतदाताको उत्साहपूर्ण सहभागिताले मात्र लोकतन्त्र फस्टाउने र मुलुकले समृद्धि हासिल गर्ने बताए । बाँकी... स्रोत : **https://khabarhub.com/2026/21/930800/**

## बदर मत : लोकतन्त्रमै यक्ष प्रश्न

फागुन २१ मा हुने प्रतिनिधिसभा निर्वाचनका लागि छोटो समयमै मतदातालाई जागरुक बनाउनु, सही मतदान अभ्यास गराउनु र बदर मत न्यूनतम बनाउनु अहिलेको मुख्य आवश्यकता हो। लोकतन्त्रको सुन्दर, प्रतीक्षित र निर्णायक क्षण हो- निर्वाचन। एक-एक मतको उत्तिकै महत्त्व हुने मतदानमा बदर मतको दर उच्च हुनु नेपालका निर्वाचनमा निरन्तर दोहोरिने गम्भीर समस्या हो।बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/02/26/badar-vote-a-yaksha-**

## लोकतन्त्र, निर्वाचन र सञ्चार

युवापुस्ताले भदौ २३ र २४ मा गरेको विद्रोहको पृष्ठभूमिमा अपर्झट घोषित विशेष निर्वाचनको तयारीका क्रममा निर्वाचन आयोग अन्तिम घडीमा आइपुगेको छ । विशिष्ट राजनीतिक परिस्थितिमा निर्वाचन आयोगले संविधानले तोकेको समयसीमाभित्र निर्वाचन कार्य सम्पन्न गर्ने दिशाउन्मुख छ । निर्वाचनको वातावरण निर्माणका लागि देशमा स्थापित राजनीतिक दल, विद्रोहबाट आएको नयाँ पुस्ता, सरकार, सरोकारवाला र सञ्चार क्षेत्रको भूमिका स्मरणीय छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/193527**

## "लोकतन्त्रलाई आत्मसात् गर्ने नै सच्चा लोकतन्त्रवादी" : केपी शर्मा ओली

नेपाल कम्युनिष्ट पार्टी एमालेका अध्यक्ष केपी शर्मा ओली ले लोकतन्त्रको मूल्य र मान्यतालाई आत्मसात् गर्ने व्यक्ति नै सच्चा लोकतन्त्रवादी हुने बताएका छन् । उनले देश जलाउने, अराजकता फैलाउने र अस्थिरता सिर्जना गर्ने प्रवृत्तिले लोकतन्त्रलाई कमजोर बनाउने धारणा व्यक्त गरे । ओलीले लोकतन्त्र केवल शासन प्रणाली मात्र नभई व्यवहार, सोच र संस्कार भएको उल्लेख गर्दै यसको संरक्षण र सुदृढीकरणका लागि सबै राजनीतिक दल तथा नागरिक जिम्मेवार हुनुपर्ने बताए ।

**https://newsofnepal.com/2026/02/25/755832/**

## चुनाव जित्न धर्मगुरुको आशीर्वाद ! डा. कोइरालाको कदमले मोरङ-६ मा बहस चर्कियो

निर्वाचन मिति फागुन २१ नजिकिँदै जाँदा नेताहरू धर्मगुरु तथा आध्यात्मिक व्यक्तित्वकहाँ पुग्ने परम्परा पुरानै भए पनि यसपटक मोरङ क्षेत्र नं. ६ मा यस्तो भेटघाटले नयाँ राजनीतिक तरंग पैदा गरेको छ । नेपाली काङ्ग्रेसका उम्मेदवार डा. शेखर कोइराला नेपालका प्रथम जगदगुरु भनिने बालसन्त महाराजजी सँग आशीर्वाद लिन पुगेको तस्वीर सार्वजनिक भएपछि सामाजिक सञ्जालदेखि स्थानीय राजनीतिक वृत्तसम्म चर्चा चुलिएको छ । बाँकी... स्रोत : **https://rajdhanidaily.com/id/132129/]**

## आमाछोरी निर्वाचन प्रहरी, घर सम्हाल्दै श्रीमान्

मंगलसेन नगरपालिका-४ की ५२ वर्षीया राज्य भुल अहिले निर्वाचन प्रहरीको भूमिकामा छिन्। सामान्य साक्षर उनले २०७९ को निर्वाचनमा पनि म्यादी प्रहरीका लागि आवेदन दिएकी थिइन्। त्यतिबेला लिखित परीक्षामा उत्तीर्ण भइनन्। यस पटक भने उनी छोरीसहित निर्वाचन प्रहरीमा भर्ना भएकी छन्। राज्यका ६ छोरी र २ छोरा छन्। दुई छोरीको विवाह भइसकेको छ। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/02/23/mother-and-daughter-are-election-police-**

## जलथलको जैविक धरोहर : ठेकीफल अझै मनग्गे

'ठेकीफल' म्यानमारदेखि नेपालसम्म पाइने जानकारी रोयल बोटानिक गार्डेन, क्युको विद्युतीय सञ्जाल 'प्लान्ट्स अफ द वर्ल्ड अनलाइन' मा छ । यो नेपाल सहित बङ्गलादेश, भारत (उत्तर बङ्गाल, असम, बिहार, मेघालय, झारखण्ड, आन्डमान एन्ड निकोबार टापुहरू) र म्यानमारका उष्णकटिबन्धीय वन क्षेत्रमा पाइँदो रहेछ । लीलानाथ शर्माको सामाजिक सञ्जालमा २१ फेब्रुअरीको मध्याह्नतिर एउटा पोस्ट देखें । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1873346/jalthals-biological-heritage-**

## राष्ट्रिय आर्थिक गणना अन्तर्गत गुणस्तरीय तथ्यांकका लागि मुख्य प्रशिक्षक प्रशिक्षण

अर्थतन्त्र मापनका लागि आर्थिक गणना' भन्ने मूल नारासाथ राष्ट्रिय आर्थिक गणना २०८२ को पूर्वतयारी स्वरूप मुख्य प्रशिक्षक प्रशिक्षण सुरु भएको छ । जिल्ला आर्थिक गणना अधिकारी र गणक/सुपरिवेक्षक तालिम कार्यक्रमका लागि प्रशिक्षक तयार गर्ने तथा स्थलगत तथ्यांक संकलन अनुगमन सहजीकरण गर्ने उद्देश्यले यो प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको राष्ट्रिय तथ्यांक कार्यालयले जनाएको छ । बाँकी...
स्रोत : **https://www.onlinekhabar.com/2026/02/1873174/lead-trainer-training-for-quality-**

## Election materials airlifted to Dolpa by Nepal Army's Sky Truck

Election materials for the House of Representatives election scheduled for Falgun 21 have been transported to the Himalayan district of Dolpa. election Officer Krishna Bahadur Rawat said the materials were airlifted on Sunday by a Sky Truck aircraft of the Nepali Army. according to Rawat, the shipment included security seals, ink markers, swastika stamps, stickers and coloured voter lists. Ballot boxes, however, are already available in stock within the district, he said. बाँकी...
स्रोत : **https://english.onlinekhabar.com/election-materials-airlifted-to-dolpa-by-nepal-**

## उपभोक्तालाई चुनावी वर्ष महँगा

प्रतिनिधि सभा सदस्य निर्वाचन दुई अङ्कका दिन सकिएर एक अङ्कका दिन तिर लम्केको छ । फागुन २१ गते गणना शून्य मितिमा पुग्दा एक करोड ८९ लाख तीन हजार ६८९ मतदाताले प्रत्यक्षतर्फ १६५ सिटका लागि ३४०६ जना र समानुपतिकतर्फ ११० सिटका लागि ३१३५ जनाको परीक्षण गर्ने छन् । तीमध्ये प्रत्यक्षतर्फका १६५ सिटका लागि तीन हजार ४०६ र समानुपातिकतर्फका ११० सिटका लागि तीन हजार १६५ जना उम्मेदवार छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/193238**

## विश्वासमा अडिएको एआईको भविष्य

मानव इतिहासको एक निर्णायक पलमा नयाँदिल्लीमा आयोजित 'एआई इम्प्याक्ट समिट २०२६' मा विश्व एकत्रित भयो । हाम्रा लागि भारतमा विश्वभरका राष्ट्राध्यक्ष, सरकार प्रमुख, प्रतिनिधि तथा नवप्रवर्तकलाई स्वागत गर्न पाउनु अत्यन्त गर्व र खुसीको क्षण थियो । भारतले आफूले गर्ने हरेक विषयमा व्यापकता र ऊर्जा ल्याउँछ र यो शिखर सम्मेलन पनि अपवाद रहेन । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/193252**

## राजनीतिमा अब महिला पहिला

जहिले पनि महिलाको सहभागितालाई पुरुषहरूले केवल आफ्नो स्वार्थ पूरा गर्ने भऱ्याङ बनाउँदै आए र स्वार्थ पूरा भइसकेपछि त्यो भऱ्याङलाई निकालेर फालिदिने प्रवृत्ति देखियो। त्यसैले अब खोक्रो भाषण र कागजमा मात्रै महिलाको अधिकारको चिन्ता गर्ने प्रवृत्ति अन्त्य हुनैपर्छ। बाँकी...
स्रोत : **https://ekantipur.com/opinion/2026/02/23/women-first-in-politics-now-11-34.html**

## दुई फर्मलाई विभागद्वारा जरिवाना

नियमित बजार अनुगमन गर्दै आएको वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले आइतबार दुई फर्मलाई जरिवाना गरेको छ । स्थलगत अनुगमनका क्रममा कैफियत देखिएपछि विभागले काठमाडौँ बाँसबारीस्थित बाँसबारी राइस मिललाई रु दुई लाख जरिवाना तिराएको हो । त्यसैगरी जयस अन्न घर कागेश्वरी नगरपालिका-६ मुलपानी बाबाचोकलाई रु १० हजार जरिवाना तिराएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/545753/department-fines-two-firms**

## निर्वाचन विरोधी गतिविधिमा संलग्नलाई कानुनी दायरामा ल्याइने

गृहमन्त्री ओमप्रकाश अर्यालको अध्यक्षता, गृह सचिव राजकुमार श्रेष्ठको सहभागिता तथा सुरक्षा निकायका प्रमुख र गृह मन्त्रालयका कर्मचारीको उपस्थितिमा आज बसेको बैठकले दैनिक रूपमा शान्ति सुरक्षा, निर्वाचन तथा समसामयिक चुनौतीको विश्लेषण गरेको हो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/545742/those-involved-in-anti-election-activities-will-**

## जलाशययुक्त आयोजना 'कोमा' मा, ऊर्जा संकट ढोकामा

सन् १९८२ मा जापान सरकारको सहयोगमा मकवानपुरमा ६० र ३२ मेगावाटका कुलेखानी जलाशययुक्त आयोजना-१ र २ बने । यी दुई आयोजना आज पनि नेपालको विद्युत प्रणालीको 'ब्याक-अप'का रुपमा परिचित छन् । त्यसपछि कुलेखानी-२ को टर्बाइन चलाएर निस्किएको पानी उपयोग गर्नेगरी १४ मेगावाटको कुलेखानी तेस्रो आयोजना बन्यो । त्यसपछि भने नेपालमा कुनै जलाशययुक्त आयोजना बनेन । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2023/02/1265809/%E0%**

## चुनावी रणनीतिमा अलपत्र जेन-जी आन्दोलनको मर्म

२३ र २४ भदौको जेन-जी आन्दोलनपछि तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिनुपरेको थियो। जेन-जी प्रतिनिधि र तत्कालीन सेनाको पहलकदमीमा सुशीला कार्कीको नेतृत्वमा अन्तरिम सरकार गठन भई प्रतिनिधिसभा विघटन भयो। त्यसैले २०७९ मा भएको निर्वाचनबाट गठित प्रतिनिधिसभाको कार्यकाल नसकिँदै २१ फागुनमा पुनः निर्वाचन हुँदै छ। निर्वाचनको मूलभूत काम सकिइसकेको छ। उम्मेदवारी दर्तादेखि घोषणापत्र सार्वजनिकसम्मका काम सकिएको छ। दल तथा उम्मेदवारहरू मत माग्न व्यस्त छन्। बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/02/23/the-essence-of-the-gen-g-movement-**

## विमलको लोभलाग्दो सफलता

डोल्पा– हिमाली जिल्ला डोल्पाको ठुलीभेरी नगरपालिका-५ मा जन्मिएका विमल रोकायको खेलप्रतिको लगाव लोभलाग्दो छ। उमेरले २९ वर्षमात्र पुगेका उनी तेक्वान्दोका राष्ट्रिय खेलाडी र प्रशिक्षक पनि हुन्। तेक्वान्दोप्रतिको गहिरो प्रेम भएकै कारण उनले कलिलै उमेरमा दुई दर्जनभन्दा धेरै अन्तरदेशीय प्रतियोगिताहरू उत्कृष्ट प्रदर्शन गरेर तीनै किसिमका पदक जितेका छन्। स्वर्ण, रजत र कांस्य पदक उनको गलामा पहिरिएको छ। बाँकी... स्रोत : **https://ekantipur.com/sports/2026/02/23/bimals-tempting-**

## नयाँ नेपाली 'पपुलिजम' : एक सहानुभूति

'पपुलिजम' को मूलभूत चरित्र के हो भने यसले भन्छ- तपाईं मलाई पत्याउनुस्, बाँकी सब म ठीक गर्छु। 'तपाईंले कसरी ठीक गर्नुहुन्छ त ?' भनेर कसैले सोध्यो भने उसले भन्छ, 'तपाईं पहिले मलाई विश्वास गरेर त हेर्नुस्, बाँकी म सब ठीक गरिहाल्छु।' ऊसँग धेरै 'कन्टेन्ट' हुँदैन। बौद्धिक रूपमा तर्क गर्न उसको क्षमता र रुचि दुवै हुँदैन। आधुनिक नेपालका सुरुवाती दशकहरू त्यस्ता थिए, जहाँ अब बीपी कोइरालाले राष्ट्र र प्रजातन्त्रलाई कसरी परिभाषित गर्छन् भनेर देशले प्रतीक्षा गरेको हुन्थ्यो। बाँकी...

स्रोत : **https://ekantipur.com/opinion/2026/02/24/new-nepali-populism-a-sympathy-46-**

## चितवनमा रास्वपा 'हाबी'

तीनै क्षेत्र जित्ने रास्वपाको दाबी, कांग्रेस, एमाले र नेकपा विरासत फर्काउने प्रयासमा निर्वाचन नजिकिँदै जाँदा चितवन पुनः राष्ट्रिय राजनीतिको 'हटस्पट' बनेको छ। ०७९ मा नयाँ शक्तिका रूपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछाने, भरतपुर महानगरपालिकाको मेयरबाट राजीनामा दिएर उम्मेदवार बनेकी नेकपाकी रेनु दाहाल, समाजसेवी एवं कांग्रेस उम्मेदवार मीना खरेल, रास्वपाकी सोविता गौतमलगायतका कारण चितवनको निर्वाचन चर्चाको विषय बनेको हो। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/189148/2026-02-24**

## समाजिक सुरक्षा कोषमा १ खर्ब २ अर्ब जम्मा, कहाँ भइरहेको छ लगानी ?

सामाजिक सुरक्षा कोषको खातामा योगदानकर्ताले बुझाएको १ खर्ब २ अर्ब भन्दा बढी रकम जम्मा भएको छ । फागुन १० गतेसम्ममा कोषमा १ खर्ब २ अर्ब ५४ करोड जम्मा भएको हो । विसं २०७५ को मंसिर ११ गते सामाजिक सुरक्षा योजनाहरूको औपचारिक आरम्भ भएको थियो । उसले योगदानकर्ताहरूबाट रकम संकलन गर्न २०७६ साउन १ गतेदेखि थालेको हो । बाँकी...

स्रोत : **https://rupantaranpost.com/archives/69069**

## मानवअधिकार संरक्षणमा बहुपक्षीय सहकार्य आवश्यक : प्रधानमन्त्री कार्की

प्रधानमन्त्री सुशिला कार्कीले नेपाल मानवअधिकारको संरक्षण र प्रवर्धनमा दृढ रहने प्रतिबद्ध गर्नुभएको छ । जेनेभामा आयोजित मानव अधिकार परिषद्को ६१ औं नियमित सत्रमा नेपाली प्रतिनिधिमण्डलको प्रमुखको रुपमा भिडियो सम्बोधन गर्नुहुँदै प्रधानमन्त्री कार्कीले नेपालले पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/193432**

## नैतिक नेतृत्व र विवेकपूर्ण मतदान

पवित्र देवभूमि नेपाल लामो र जटिल राजनीतिक परिवर्तनको यात्राबाट गुज्रिरहेको छ । राणाकालीन निरङ्कुश शासनको अन्त्यसँगै प्रजातन्त्रको उदयले जनतालाई स्वतन्त्रता, अधिकार र समृद्धिको आशा दिएको थियो । त्यसपछि एकदलीय पञ्चायती शासन, बहुदलीय प्रजातन्त्र, संवैधानिक राजतन्त्र र १० बर्से माओवादी सशस्त्र सङ्घर्षले देशलाई विभिन्न मोडमा पुऱ्यायो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/193388**

## मतदाता चुनावको व्यग्र प्रतीक्षामा, ६९ प्रतिशतभन्दा बढी मतदान गर्न इच्छुक

२१ फागुनमा हुने प्रतिनिधिसभा निर्वाचनका लागि आममतदातामा उत्साह देखिएको छ। एक महिना लगाएर गरिएको राष्ट्रव्यापी सर्वेक्षणमा ८३ प्रतिशत मतदाताले मतदान गर्ने चाहना व्यक्त गरेका छन्। ८कान्तिपुर मिडिया ग्रुप र सेयरकास्ट इनिसिएटिभ नेपालको सहकार्यमा भएको मत सर्वेक्षणमा सहभागी मतदाता परिचयपत्र भएका मध्ये ६९.२ प्रतिशत उत्तरदाताले यसपालि अवश्य मतदान गर्ने बताएका छन्। बाँकी... स्रोत : **https://ekantipur.com/news/2026/02/24/voters-eagerly-**

## ११ अवस्थामा हुन्छ मत बदर

निर्वाचन आयोगले विभिन्न ११ अवस्थामा मत बदर हुने बताएको छ । मतदाता, नागरिक र सरोकारवालाको जिज्ञासा तथा प्रश्नहरूको सुनुवाइका लागि निर्वाचन आयोगमा कल सेन्टर छ । निर्वाचनसँग सम्बन्धित विषयमा अलमल भए वा कुनै प्रश्न रहे निःशुल्क टोल-फ्री नम्बर ११०२ मा कल गर्न सकिन्छ ।यसैमा फोन गरेर मतदाताले कस्तो कस्तो अवस्थामा मत बदर हुन्छ ? भनेर सोधेका छन् । बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/02/1877787/votes-are-invalid-in-11-situations**

## मतपेटिका गणनास्थलसम्म पुऱ्याउने जिम्मा यसपालि सेनालाई

यसपालि मतदानपछि मतपत्रलाई गणनास्थलसम्म पुऱ्याउने सुरक्षा जिम्मा नेपाली सेनाले पाएको छ। विगतमा मतपत्र ढुवानीको सुरक्षामा प्रहरी र सशस्त्र प्रहरीलाई मात्र परिचालन गरिन्थ्यो। यसपालि 'असामान्य परिस्थिति' मा निर्वाचन हुँदै गरेको भन्दै सुरक्षामा सेनाको उपस्थिति र भूमिकालाई बढाइएको निर्वाचन आयोग र गृह मन्त्रालयले जनाएका छन्। बाँकी...

स्रोत : **https://ekantipur.com/news/2026/02/25/this-time-the-army-is-responsible-for-**

## हुम्लाका पन्ध्र मतदान केन्द्रमा तीन सयभन्दा कम मतदाता

आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि हुम्लामा कायम गरिएका ६४ मतदान केन्द्रमध्ये १५ मतदान केन्द्रमा तीन सयभन्दा कम मतदाता छन् । जिल्ला निर्वाचन अधिकारी भीमबहादुर रोकायाका अनुसार ३४ हजार ३७२ मतदाता रहेका जिल्लामा ६४ मतदान केन्द्रमध्ये सबैभन्दा कम जिल्लाको तल्लो क्षेत्र ताँजाकोट गाउँपालिका-३ मा रहेको बानादेव आधारभूत विद्यालयमा जम्मा ५४ मतदाता छन् । बाँकी... स्रोत : **https://www.ratopati.com/story/546237/less-than-300-voters-in-15-polling-**

## रौतहट निर्वाचनमा तीनवटा अस्थायी मतदान केन्द्र निर्धारण, दुई मतदान केन्द्रमा महिला कर्मचारीको नेतृत्व

आसन्न फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि रौतहटमा तीन अस्थायी मतदान केन्द्र निर्धारण गरिएको छ । रौतहटको क्षेत्र नं १ अन्तर्गत जिल्ला अदालत गौर परिसर, गौर कारागार परिसर र क्षेत्र नं ४ अन्तर्गत इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुर परिसरमा अस्थायी मतदान केन्द्र निर्धारण गरेको जिल्ला निर्वाचन कार्यालयका प्रमुख छोटेलाल दासले जानकारी दिए । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/546231/three-temporary-polling-stations-**

## गण्डकी प्रदेश : 'देश छाडेर विदेश जाने अवस्थाको अन्त्य हुनुपर्ने'

निर्वाचनको मिति नजिकिँदै जाँदा पोखराका मतदाताले उत्साह र निराशा दुवै प्रकट गरेका छन् । फागुन २१ मा हुने निर्वाचनमा कैयौँले मतदान गर्न उत्साहित भएको बताएका छन् । केहीले भने विगतमा निर्वाचनपछि बनेको सरकार र जनप्रतिनिधिको कामबाट सन्तुष्ट हुन नसकेकोले उत्साहित हुन नसकेको प्रतिक्रिया दिएका छन् । पोखरा ६ ठाडा पसलकी ६५ वर्षीय रेनु श्रेष्ठले निर्वाचन नजिकिएसँगै रमाइलो वातावरण बनेको बताइन् । बाँकी... स्रोत : **https://www.bbc.com/nepali/articles/c07jzp9ejdko**

## प्रतिमतदाता राज्यको लगानी एक हजार सोह्र रुपियाँ

शीर्षकगत खर्चमा निर्वाचनलाई खर्च स्रोत नछुट्याइने भए पनि राज्यले यसका लागि अर्बौं दायित्व बेहोर्नुपर्ने हुन्छ । मुलुकमा २०१५ सालदेखि सुरु भएको औपचारिक निर्वाचनयता सम्पन्न नौ वटा निर्वाचनमा मात्रै राज्यले अहिलेसम्म करिब ७५ अर्ब रुपियाँ खर्च गरेको छ। निर्वाचनका क्रममा राज्यसहित उम्मेदवारले गर्ने खर्चका कारण यस अवधिभर अर्थतन्त्र अल्पकालीन रूपमै भए पनि थप चलायमान बन्छ । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/193512**

## घोषणापत्रमा कर्णाली : प्राथमिकतामा पूर्वाधार र कृषि

यही फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि राजनीतिक दलहरूले सार्वजनिक गरेका घोषणापत्रमा कर्णालीमा सडक पूर्वाधारको विकासलाई पहिलो प्राथमिकता दिएको पाइएको छ। मुख्य गरी नेपाली कांग्रेस, नेपाल कम्युनिस्ट पार्टी (एमाले), नेपाली कम्युनिस्ट पार्टी (नेकपा), राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) र उज्यालो नेपाल पार्टीलगायतले कर्णालीको सडक पूर्वाधारको विकासलाई प्राथमिकता दिएका हुन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/193507**

## विकासको बहुआयामिक यात्रा

'विकास' शब्द आधुनिक राजनीति, अर्थशास्त्र र सामाजिक जीवनको सर्वाधिक चर्चित तर विवादास्पद शब्द हो । प्रायः विकासलाई आर्थिक वृद्धिसँग गाँसेर हेरिन्छ तर यो त्यसभन्दा धेरै व्यापक अवधारणा हो । विकास भनेको मानिसको स्वतन्त्रता, क्षमता र सम्भावनाको विस्तार हो, समाजका सबै वर्गको जीवनस्तरमा हुने ठोस सुधार हो र प्रकृति र मानवबिचको दिगो सन्तुलनको स्थापना हो । बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/193526**

## मतदाता शिक्षा कार्यक्रम निष्प्रभावी ३५ वर्षमा साक्षरता दोब्बर तर बदर मत उल्टै बढ्दो

निर्वाचन आयोगले बदर मत घटाउने उद्देश्यसहित प्रत्येक निर्वाचनमा मतदाता शिक्षा कार्यक्रममा जोड दिँदै आए पनि बदर मत संख्या बढिरहेको छ। २०४६/४७ को राजनीतिक परिवर्तनयताको ३५ वर्षमा ७ वटा आमनिर्वाचन भएको छ। र ८ औं आमनिर्वाचन २१ फागुनका लागि तय गरिएको छ। यसअघिका ७ वटा निर्वाचनमध्ये २०५१ र २०५६ को आमनिर्वाचनमा क्रमशः बदर मत संख्या घटेको देखिन्छ। तर, २०६४ यता बदर मतको ग्राफ उकालो लाग्दै गएको छ। बाँकी...
स्रोत : **https://ekantipur.com/politics/2026/02/25/voter-education-program-ineffective-**

## सुशासन र स्वनियमनविना जोगिँदैन सहकारी

जब सहकारी संस्था सुरक्षित हुन्छन्, तब मात्र सदस्य सुरक्षित हुन्छन् र सहकारी आन्दोलनले आफ्नो मूल उद्देश्य–आर्थिक न्याय र समावेशी विकास–पूरा गर्न सक्छ । समुदायको सङ्कट व्यवस्थापनको औजारको रूपमा २०१३ सालमा स्थापना भएको सहकारी सङ्ख्यात्मक रूपमा २०८२ असारसम्म ३२ हजार ९६५ पुगेको छ । नेपालको वित्तीय समावेशीकरण, ग्रामीण विकास र सामुदायिक सशक्तीकरणमा सहकारीले खेलेको भूमिका अत्यन्त महत्त्वपूर्ण छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1878306/cooperatives-cannot-**

## निर्वाचनमा अनुहार नयाँ, सीमा पुरानै

निर्वाचनपछि पुरानै प्रणालीभित्र नयाँ अनुहार फर्किनु बलिदानप्रतिको अन्याय हो र मतपेटिकाले परिणाम दिएन भने सडक फेरि सक्रिय हुन्छ। नेपालले २१ फागुनमा प्रतिनिधिसभा निर्वाचन गर्दै छ। यो निर्वाचन युवामुखी आन्दोलन, व्यापक सामाजिक असन्तोष र राजनीतिक वर्गप्रतिको बढ्दो अविश्वासको पृष्ठभूमिमा हुन लागेको हो। प्रक्रियागत रूपमा हेर्दा निर्वाचन तयारी सन्तोषजनक देखिन्छ। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/189230/2026-02-25**

## ५ हजार वर्ष पुरानो बरफमा भेटियो शक्तिशाली ब्याक्टेरिया, आधुनिक औषधिले पनि नछुने

रोमानियाको स्कारिसोरा गुफाको गहिराइमा रहेको १३ हजार वर्ष पुरानो विशाल भूमिगत हिमनदी (ग्लेसियर) भित्र वैज्ञानिकहरूले एउटा यस्तो ब्याक्टेरिया फेला पारेका छन्, जसले आधुनिक चिकित्सा विज्ञानलाई नै चुनौती दिएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/546098/powerful-bacteria-**

## म्युजिक आर्ट ग्यालरीमा 'काउन्टर्स अफ टु' चित्रकला प्रदर्शनी

ललितपुरको सानेपामा अवस्थित म्युजिक आर्ट ग्यालरीमा 'काउन्टर्स अफ टु' नाम चित्रकला प्रदर्शनी चलिरहेको छ । नेपाली कला जगत्मा फिगरेटिभ काममा बढी चित्र कोरिरहेका दुई कलाकार कपिलमणि दीक्षित र रोशन भण्डारीको संयुक्त चित्रकला राखिएको प्रदर्शनी फागुन ९ गते सुरु भएको हो । आगामी चैत्र ७ गतेसम्म चल्ने प्रदर्शनी केवल क्यानभासहरुको प्रदर्शनी मात्र नभई दुई कलाकारहरूको एक दशकको समानान्तर सिर्जनात्मक यात्राहरूको सँगम मान्न सकिन्छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/546240/counters-of-two-painting-exhibition-**

## न्याय र समृद्धिको कसीमा ६ प्रमुख दलका घोषणापत्रको परख

यदि नागरिक, सञ्चारमाध्यम र नागरिक समाजले यस्ता तथ्यमा आधारित प्रश्नहरूलाई चुनावी अभियानको केन्द्रमा राख्न सकेमा, घोषणापत्रहरू आकर्षक वाचाहरूको सूचीबाट इमानदार मार्गचित्रमा बदल्न बाध्य हुनेछन् । नेपालको २०८२ सालको संघीय निर्वाचन यस्तो समयमा आएको छ, जहाँ ठूला वाचाहरूले कठोर तथ्याङ्कको सामना गर्नुपर्ने स्थिति छ । बाँकी...

स्रोत :**https://www.onlinekhabar.com/2026/02/1878385/an-analysis-of-the-manifes**

## विश्वप्रकाश र राज्यप्रकाशले दिएको जग्गामा १० करोडको ’तपस्याधामभ

नेपाली कांग्रेसका उपसभापति विश्वप्रकाश शर्मा र उनका दाजु राज्यप्रकाश शर्माले प्रदान गरेको जग्गामा तपस्याधाम निर्माण गरिएको छ । शर्मा दाजुभाइले आफ्ना स्वर्गीय मातापिताको स्मृतिमा झापाको मेचिनगरमा ५ कट्ठा जग्गा दान गरेका थिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1878376/a-**

## डोटीमा निर्वाचनका लागि खटिए १०७९ कर्मचारी

२१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनला लागि डोटीमा एक हजार ७९ कर्मचारी मतदान स्थलमा खटिएका छन् । जिल्ला निर्वाचन कार्यालय, डोटीले आयोजना गरेको ‘निर्वाचन र आमसञ्चार’ विषयक अन्तरक्रिया कार्यक्रममा मुख्य निर्वाचन अधिकृत पदमराज पाण्डेयले दिएको जानकारी अनुसार मतदान अधिकृत, सहायक मतदान अधिकृत, सहायक कर्मचारी र सहयोगी कर्मचारीहरुलाई मतदान स्थलमा खटाइसकिएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1878370/1079-employees-**

## चुनावमा खटिएका सुरक्षाकर्मी घाइते भए सरकारले उपचार गर्ने

सरकारले आसन्न निर्वाचनको क्रममा घाइते भएका सुरक्षाकर्मी तथा निर्वाचन प्रहरीको निःशुल्क उपचार गर्ने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले निर्वाचनका क्रममा घाइते भएका सुरक्षाकर्मीको उपचारका क्रममा लाग्ने खर्च सरकारले व्यहोर्ने निर्णय गरेको प्रवक्ता एवं गृहमन्त्री ओमप्रकाश अर्यालले जानकारी दिए । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/02/1878561/government-will-provide-treatment-**

## निर्वाचनमा घाइते हुने सुरक्षाकर्मी र निर्वाचन प्रहरीको उपचार खर्च सरकारले व्यहोर्ने

यही फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका क्रममा घाइते हुने सुरक्षाकर्मी तथा निर्वाचन प्रहरीलाई उपचारमा लागेको सम्पूर्ण खर्च सरकारले व्यहोर्ने भएको छ। बुधबार सिंहदरबारमा फागुन १२ गते बसेको मन्त्रिपरिषद्का निर्णयबारे जानकारी गराउँदै सरकारका प्रवक्ता एवं गृहमन्त्री ओमप्रकाश अर्यालले निर्वाचनका क्रममा कोही सुरक्षाकर्मी तथा निर्वाचन प्रहरी घाइते भए उपचारका क्रममा लाग्ने खर्च सरकारले व्यहोर्ने निर्णय भएको जानकारी दिए। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/546321/the-**

## कर्णालीमा निर्वाचन सुरक्षा : विमानस्थल र कारागारको सुरक्षा जिम्मा सेनाले लियो

कर्णाली प्रदेशमा फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनको सम्पूर्ण तयारी अन्तिम अवस्थामा छ । निर्वाचन हुन ९ दिन मात्र बाँकी रहँदा सम्बन्धित क्षेत्रहरूमा सुरक्षा परिचालनलाई कडाइ गर्नुका साथै निर्वाचन सम्बन्धित सामग्रीहरू ढुवानीका काम भइरहेका हुन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/546140/election-security-in-kar**

## १० औँ राष्ट्रिय खेलकुद निर्वाचनपछि उपयुक्त समयमा हुने

फागुन १ देखि ७ गतेसम्म कर्णाली प्रदेशको सुर्खेतमा आयोजना गरिने भनिएको १०औँ राष्ट्रिय खेलकुद प्रतियोगिता आसन्न प्रतिनिधि सभा सदस्य निर्वाचनपछि उपयुक्त समयमा गरिने भएको छ। मन्त्रिपरिषद्को मङ्गलबार बसेको बैठकले १०औँ राष्ट्रिय खेलकुद पुनः सार्ने निर्णय गरेको हो। पटक-पटक मिति तय हुँदै र सर्दै आएको राष्ट्रिय खेलकुद प्रतियोगिता यसअघि कात्तिक २४ गते बसेको मन्त्रीपरिषद्को बैठकले फागुन पहिलो साता गर्ने निर्णय गरेको थियो। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/193616**

## रणनीतिक साझेदारी नयाँ चरणमा : प्रधानमन्त्री मोदी

भारतका प्रधानमन्त्री नरेन्द्र मोदी रणनीतिक, व्यापारिक र रक्षा सहकार्यलाई अझ सुदृढ बनाउने लक्ष्यसहित बुधबार दुई दिने भ्रमणका लागि इजरायल पुग्नुभएको छ। मध्यपूर्वमा बदलिँदो भूराजनीतिक सन्तुलनबिच उहाँको यो भ्रमणलाई द्विपक्षीय सम्बन्धलाई नयाँ उचाइमा लैजाने प्रयासका रूपमा हेरिएको छ। प्रस्थानअघि जारी वक्तव्यमा प्रधानमन्त्री मोदीले भारत र इजरायलबिच 'बलियो र बहुआयामिक रणनीतिक साझेदारी' रहेको उल्लेख गर्नुभयो। बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/193600**

## श्रम गरे मात्रै देश बन्छ : हर्क साम्पाङ

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले श्रम र उत्पादनमुखी संस्कृतिबाट मात्रै देश बन्ने बताएका छन्। सिरहाको गोलबजारमा आयोजित नेता-कार्यकर्ता भेटघाट कार्यक्रममा बोल्दै उनले स्टन्ट र देखावटी नभई, इमान्दार श्रमले राष्ट्र निर्माण सम्भव हुन्छ भन्ने धारणा राखेका छन्। श्रम सांस्कृतिक पार्टीका सभापति समेत रहेका साम्पाङले युवाहरूलाई उत्पादन, उद्यम र सामाजिक सेवामा जोडिन आग्रह गरे। बाँकी... स्रोत : **https://www.onlinekhabar.com/2026/02/1878653/a-country-can-only-be-built-through-**

## सालको पात टपरी गाँसेर...

सालको पात टपरी गाँसेर,
भेट भो माया जाम डाँडै काटेर,
पानी तालैमा।
(गा. उमा गुरुङ)
यो मायाले के ल्यायो हातैमा,
खानेकुरा क्यै छ कि साथैमा,
सालैको पातैले दिए खान्थेँ मायाको दाहिने हातैले।
(गा. प्रेमराजा महत/सूर्यकुमारी गुरुङ)
माथिबाट को आयो सालको पात बजाउँदै, बाँकी...
स्रोत : **https://gorkhapatraonline.com/news/193178**

## बाल यौन दुराचार मुद्दामा सर्वोच्चको फैसला : पीडक नाबालक भए पनि क्षतिपूर्ति अनिवार्य

सर्वोच्च अदालतले बालबालिका संलग्न जबरजस्ती करणी (बाल यौन दुराचार) मुद्दामा नयाँ नजिर स्थापित गरेको छ । सर्वोच्चले 'अपराध गर्ने व्यक्ति (पीडक) नाबालक नै भए पनि उसले अपराधबाट पीडितलाई तिर्नुपर्ने क्षतिपूर्तिबाट उन्मुक्ति नपाउने' फैसला सुनाएको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/546332/supreme-court-verdict-in-child-**

## अफवाह र दुष्प्रचार मुख्य चुनौती

प्रधानमन्त्री सुशीला कार्कीले सबै सुरक्षा निकायका प्रमुखहरूलाई बोलाएर आसन्न प्रतिनिधिसभा निर्वाचनको तयारी, सुरक्षा रणनीति र सम्भावित चुनौतीबारे विस्तृत ब्रिफिङ लिनुभएको छ । सुरक्षा निकायले हालसम्मको अवस्था समग्रमा सन्तोषजनक रहेको निष्कर्ष प्रस्तुत गर्दै यसपटकको निर्वाचन 'व्यवस्थित, नियन्त्रणयोग्य र विगतभन्दा बढी समन्वित' हुने आँकलन गरेका छन् । बाँकी...

स्रोत : **https://newsofnepal.com/2026/02/26/755978/**

## निर्वाचन प्रचारप्रसार १८ गते मध्यरातिदेखि निषेध

फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको प्रचारप्रसार कार्य फागुन १८ गते राति १२ बजेदेखि निषेध गर्ने निर्णय निर्वाचन आयोगले गरेको छ। यस अवधिमा पालना गर्नुपर्ने निर्वाचन आचारसंहिताको पूर्ण पालना गराउन गृह मन्त्रालयमार्फत् सबै जिल्लाका प्रमुख जिल्ला अधिकारी र सुरक्षा निकायलाई निर्देशन दिने निर्णय पनि आयोगले गरेको छ। बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/193650**

## चुनावी अभ्यास : अवसरसँगै चुनौती

विश्व-व्यवस्था ८० वर्षपछि कोल्टे फेर्ने चरणमा पुगेको देखिँदै छ। कतै मानचित्रसँग गाँसिएका प्रश्न छन् त कतै स्वस्फूर्त परिवर्तनको पक्षमा जनआकांक्षा प्रकट भइरहेका छन् । कसैका लागि चुनौती छ त कोही अवसरको प्रतीक्षामा होलान् । नेपालजस्तै भूपरिवेष्टित एसियाली देश लाओसमा यसै साताको आरम्भमा निर्वाचन सकियो । यसअघि थाइल्याण्ड, म्यानमार, जापान र बंगलादेशमा चुनावी अभ्यास भएका थिए । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/193679**

## सदाचार नीति सुशासनको आधार

मुलुकको दिगो शान्ति, विकास, सुशासन र समृद्धिको आधारभूमि भनेको त्यस देशमा बसोबास गर्ने आमनागरिकको उच्च नैतिक चरित्र, राष्ट्रप्रेम, सकारात्मक सोच, शिष्टाचार, सद्व्यवहार र सदाचार हो । नेपाललाई समृद्ध र प्रत्येक नेपालीलाई सुखी बनाउन दीर्घकालीन राष्ट्रिय आकाङ्क्षा हासिल गर्ने शक्तिशाली औजार सदाचार पद्धतिको निर्माण, यसको सशक्त प्रयोग र निरन्तर अभ्यास हो । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/193673?utm_source=nepalipatro&**

## २१ फागुनको निर्वाचन र किसानको मत

आगामी निर्वाचनमा किसानले आफ्नो अमूल्य मतलाई आफ्नै माटो, आफ्नै बिउ र आफ्नै भविष्यको पक्षमा प्रयोग गर्न सक्नुपर्छ। कृषि केवल पेसा होइन, यो सभ्यता हो, केवल उत्पादन होइन, अस्तित्व हो। मानव जीवनको प्रारम्भिक आधार खाद्य उत्पादन नै हो र खाद्य उत्पादनको मूल स्रोत किसान र माटो नै हुन्। त्यसैले, कुनै पनि राष्ट्रको स्थायित्व, स्वाधीनता र समृद्धि उसको कृषि प्रणालीको स्वास्थ्यसँग प्रत्यक्ष जोडिएको हुन्छ। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/189284/2026-02-26**

## सिटिइभिटीको आगामी यात्रा

नेपालमा प्राविधिक शिक्षाको विकासका लागि संस्थागत रूपमा पहल गरिएको तीन दशकभन्दा धेरै भइसकेको छ । २०४५ सालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् सिटिइभिटीको स्थापनासँगै औपचारिक रूपमा प्राविधिक शिक्षाको सूत्रपात भएको हो । योभन्दा अघि पनि प्राविधिक शिक्षाको विकासका लागि केही प्रयास भए तर त्यो सार्थक हुन सकिरहेको थिएन । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/193387**

## दलका घोषणापत्रमा पर्यटन

नेपाल प्राकृतिक अनुपम र अद्वितीय सौन्दर्यले भरिपूर्ण देश हो। नेपालको विकासमा पर्यटन क्षेत्रको महत्वपूर्ण योगदान रहँदै आएको छ। प्राकृतिक सुन्दरताले भरिपूर्ण विश्वको दुर्लभ देश नेपाल सामाजिक, सांस्कृतिक, धार्मिक, भाषिक, जातीय विविधताले समेत सम्भावना बोकेको देश हो । आसन्न फागुन २१ गते हुने प्रतिनिधि सभा निर्वाचनका लागि दलले आफ्नो चुनावी घोषणापत्र सार्वजनिक गरिसकेका छन् । मुख्य राजनीतिक दलले आफ्नो चुनावी घोषणापत्रमा पर्यटन क्षेत्रलाई कसरी समेटेका छन् त । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/193987**

## बंगलादेशमा लोकतन्त्रको परीक्षा

गत माघ २९ मा सम्पन्न बंगलादेशको संसदीय निर्वाचनले दक्षिण एसियाली राजनीतिमा एउटा नयाँ मोड ल्याएको छ। बंगलादेश नेसनलिस्ट पार्टी (बिएनपी) ले संसद्का ३०० मध्ये २१२ सिट जित्दै दुईतिहाइ बहुमत हासिल गरेको छ। कुल २९७ सिटमा निर्वाचन सम्पन्न भएको थियो, जसमा तीन सिटमा विविध कारणले निर्वाचन हुन सकेन। इस्लामिक धारको जमात-ए-इस्लामी बंगलादेश नेतृत्वको गठबन्धनले ७७ सिट जितेर प्रमुख प्रतिपक्षको स्थान लिएको छ। बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/opinion/the-test-of-democracy-in-**

## 'हेभिवेट' उम्मेदवारका क्षेत्रमा खटिए एसएसपी, झापामा ९ सय थप मद्दत

प्रतिनिधिसभा सदस्य निर्वाचन सुरक्षामा प्रहरी प्रधान कार्यालयले अतिसंवेदनशील निर्वाचन क्षेत्र भएका जिल्लामा 'विशेष कमाण्ड' बनाएर उच्च तहका अधिकृतलाई परिचालन गरेको छ। हेभिवेट भिडन्त हुने जिल्लामा प्रहरी वरिष्ठ उपरीक्षक (एसएसपी) को नेतृत्वमा सुरक्षाकर्मी परिचालन गरिएको छ। बाँकी...

स्रोत : **https://www.ratopati.com/story/546517/ssp-deployed-in-heavyweight-candidates-**

## पारदर्शिताले कूटनीति प्रभावकारी

जनता खुसी, समृद्ध र सम्पन्न भएमात्र राष्ट्रहितको सर्वोच्चता कायम हुन जान्छ। परराष्ट्र नीतिलाई घरेलु नीतिको विस्तारित रूप मानिन्छ । त्यसैले शासन व्यवस्था, शैली र सञ्चालन कला परराष्ट्र नीतिसँग अन्योन्याश्रीत भएर रहेको हुन्छ । शासन व्यवस्थाको संरचना प्रक्रिया, मूल्य, मान्यताले देशले बाह्य दुनियाँसँग गर्ने अन्तरक्रियालाई प्रभाव पारेको हुन्छ । देशभित्र सुशासन, एकता र मेलमिलाप कायम गर्न एक मुलुकको बाह्य जगतमा प्रस्तुत गर्ने अडानमा विश्वसनीयता, प्रभावकारिता र इमानदारिता स्पष्ट झल्किन्छ । बाँकी... स्रोत : **https://www.annapurnapost.com/story/494738/**

## रहस्यमय राजनीतिक पाठशालामा नेपाल

वैकल्पिक राजनीतिक शक्तिको रूपमा उभिने प्रयत्नमा रहेका नयाँ आवाजहरूले जनताका बीचमा आफूलाई प्रमाणित गर्न त बाँकी नै छ । तर अब नाम,झण्डा र इतिहासले मात्र राजनीति जीवन्त हुन सक्दैन। जनताका आवाजहरूको प्रतिनिधित्व र अपेक्षाहरूको न्यायपूर्ण सम्बोधनतर्फ लाग्नुपर्छ भन्ने चुनौती पुराना स्थापित दलहरूलाई दिएको छ । बाँकी...

स्रोत : **https://www.annapurnapost.com/story/494660/**

## निर्वाचन सुरक्षाका लागि ३ लाख बढी सुरक्षाकर्मी परिचालन

आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनका लागि ३ लाख बढी सुरक्षाकर्मी परिचालन गरिएको छ । स्वच्छ, स्वतन्त्र र निश्पक्ष तथा भयरहित वातावरणमा मतदान कार्य सम्पन्न गर्ने उद्देश्यका साथ निर्वाचन सुरक्षा तथा जोखिम व्यवस्थापन समितिको निर्णयमा सरकारले म्यादी प्रहरीसहित ३ लाख ४१ हजार १ सय ११ जना सुरक्षाकर्मी परिचालन गरेको हो । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/546696/more-than-300000-security-personnel- -**

## पहाडी वनको 'मदना चाँचर' शुक्लाफाँटामा

जैविक विविधताले भरिपूर्ण शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा पहिलोपटक 'मदना चाँचर' चरा देखापरेको छ । विशेषगरी मध्यपहाडी र हिमाली वन क्षेत्रमा पाइने यो चरा तराईको समथर क्षेत्रमा पाइनुलाई संरक्षणका हिसाब्ले महत्वपूर्ण मानिएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/193863**

## निर्वाचनमा हाम्रो दायित्व

अबको केही दिन अर्थात् आगामी २०८२ फागुन २१ गते प्रतिनिधि सभाका सदस्यको निर्वाचन हुँदै छ । यसमा आममतदाताले मतदान गरी निर्वाचनमा सहभागिता जनाउनु पर्छ । अन्य नागरिकले पनि निर्वाचनको महाअभियानमा सघाउनु पर्छ । लोकतन्त्रमा मुलुकको सार्वभौमसत्ता आमजनतामा निहित हुन्छ । यिनै मतदातारूपी जनताले निर्वाचनको माध्यमद्वारा प्रतिनिधि सभामा रहने सदस्यको छनोट गर्छन् । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/193851**

## जलवायु परिवर्तनको जोखिम

पृथ्वीको तापक्रम बढ्दै जानु, समुद्री सतहमा वृद्धि, हिमालमा हिउँ तथा हिमनदी पग्लेर कुरूप हुँदै जानु, भू-क्षय, बालीचक्रमा परिवर्तन, जैविक विविधतामा ह्रास आदि जलवायु परिवर्तनका सङ्केत हुन् । संयुक्त राष्ट्रसङ्घले विश्वको तापक्रम तीव्र रूपमा बढिरहेको र यसको मूल कारक मानिस भएको जनाएको छ । इन्टरगभर्मेन्टल प्यानल अन क्लाइमेट चेन्ज (आईपीसीसी) का अनुसार पृथ्वीको सतहको औसत तापक्रम सन् २०३० सम्म १.५ डिग्री सेल्सियस बढ्ने प्रक्षेपण गरिएको छ । बाँकी...

स्रोत : **https://gorkhapatraonline.com/news/25265**

## काठमाडौँ उपत्यका ट्राफिक व्यवस्थापनमा निर्वाचन प्रहरी सक्रिय

निर्वाचन नजिकिँदै जाँदा काठमाडौँ उपत्यकामा सवारी चाप बढ्दै गएको छ । नियमित ट्राफिक प्रहरीहरूलाई निर्वाचन सुरक्षाका लागि उपत्यकाबाहिर खटाइएपछि राजधानीका विभिन्न चोक-चोकमा ट्राफिक व्यवस्थापनमा केही कठिनाइ देखिएको थियो । बढ्दो जामलाई नियन्त्रण गर्न अहिले निर्वाचन प्रहरीहरू पनि सडक ट्राफिक व्यवस्थापनमा खटिएका छन् । उनीहरूले सवारी अनुशासन कायम गराउने, जाम खुलाउने तथा यात्रुलाई सहज आवागमन गराउन सक्रिय भूमिका निर्वाह गरिरहेका छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/546706/election-police-active-in-kathmandu-valley-**

## आयोगको निमन्त्रणामा १५ जना विदेशी पाहुना निर्वाचन पर्यवेक्षण गर्न आउँदै

फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनको ४३ वटा संस्थाले पर्यवेक्षण गर्ने भएका छन् । निर्वाचन आयोगले ३ वटा अन्तर्राष्ट्रिय र ४० वटा राष्ट्रिय गरी ४३ संस्थालाई पर्यवक्षेणको लागि अनुमति दिएको हो । आयोगले ४० वटा राष्ट्रिय पर्यवेक्षण संस्थालाई प्रशिक्षण पनि दिइसकेको छ । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/546698/fifteen-foreign-guests-are-**

## रौतहटमा बख्तरबन्द गाडीसहित नेपाली सेनाको गस्ती

निर्वाचनका समय रौतहटमा शान्ति सुरक्षा कायम राख्न पैदल, मोटरसाइकल, सवारी साधन तथा बख्तरबन्द गाडीमार्फत सेनाले गस्ती गर्न थालेको छ । प्रतिनिधि सभा सदस्य निर्वाचन २०८२ लाई स्वतन्त्र, निष्पक्ष र शान्तिपूर्ण वातावरणमा सम्पन्न गराउने उद्देश्यले रौतहट जिल्लामा तैनाथ नेपाली सेनाको श्री नारायणदल गणले सुरक्षा व्यवस्थालाई थप सुदृढ बनाएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1880763/nepal-army-patrols-with-armored-**

## शैलुङको वैभव : कालिञ्चोकको उचाइ

दोलखाको हरियाली आँगनभित्र एउटा सुन्दर संसार लुकेको छ- शैलुङ। प्रकृतिको शन्त मुस्कान, हिमालको गौरवपूर्ण उचाइ र गाउँले जीवनको आत्मीयता बोकेको शैलुङ साँच्चिकै वैभवशाली छ । त्यही वैभवलाई अझ उज्यालो बनाउँदै उभिएको छ- कालिञ्चोक भगवती मन्दिर। जुन समुद्री सतहबाट करिब ३,८४२ मिटरको उचाइमा अवस्थित आस्थाको पवित्र थलो । शैलुङको वैभव र कालिञ्चोकको उचाइ केवल यात्रा शीर्षक होइन, यो प्रकृति र आस्थाको संगममा भेटिएको आत्मिक अनुभूतिको कथा हो । बाँकी...
स्रोत : **https://annapurnapost.com/story/494868/**

## सुसेली हाल्दै गोसाइँकुण्ड र गङ्गा दशहरा

गोसाइँकुण्डमा सर्वप्रथम विसं १५०४ मा श्री श्री जय यक्षमल्लदेव ठाकुर र श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहबाट नुवाकोट विजयपश्चात् विसं १८०१ मा स्नान भएको इतिहासमा पाइन्छ । सुगौली सन्धिबाट छट्पटिँदै अमरसिंह थापाले देहत्याग गरेको पवित्र धार्मिक स्थान नीलकण्ठ गोसाइँकुण्ड र दशहरा स्नान गर्ने अवसर जुऱ्यो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/194006**

## दलहरूको घोषणापत्रमा लुम्बिनी : रोजगारी सिर्जनामा समान दृष्टिकोण

आसन्न प्रतिनिधि सभा निर्वाचनका लागि राजनीतिक दलहरूले सार्वजनिक गरेको घोषणापत्रमा लुम्बिनीको विकासबारे साझा धारणा देखिएको छ । विशेष गरी विश्व सम्पदा सूचीमा सूचीकृत लुम्बिनी क्षेत्रको दिगो विकास, व्यवस्थापन र अन्तर्राष्ट्रिय प्रवर्धन यस पटकका दलका प्रतिबद्धतापत्रको साझा विषय भएको छ । गौतम बुद्धको जन्मस्थल लुम्बिनीको गुरुयोजना बनेको ४७ वर्ष हुँदा पनि गुरुयोजना अनुसार काम हुन सकेको छैन । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/194084**

## निर्वाचनपछिको लोकतान्त्रिक पर्यावरण

यो सामान्य निर्वाचन होइन। जेन-जी विद्रोहले नेपाली राज्य संकटमा छ भन्ने स्थापित गऱ्यो। ठूलो संकटको समाधान टार्न यो निर्वाचन हुनुपर्ने हो। तर, निर्वाचनको प्रचारका क्रममा संकटको गम्भीरता महसुस गरिएको कतै देखिएन। गालीगलौज चल्यो। संघीयताले सुशासन प्रवर्धन गर्ला कि भन्ने आशा पनि मरेर गयो। बाँकी... स्रोत : **https://ekantipur.com/opinion/2026/03/03/post-election-c-**

## मौन अवधि सुरु, सबैखाले प्रचार बन्द

प्रतिनिधिसभा सदस्य छान्न बिहीबार हुने निर्वाचनका लागि सोमबार मध्यरातदेखि मौन अवधि सुरु भएको छ। निर्वाचन आचारसंहिताअनुसार मतदानको दिन सुरु हुनु ४८ घण्टाअघिदेखि मतदान नसकिएसम्म कायम हुने मौन अवधिमा प्रचार, भाषण, भेला, छलफल, समीक्षालगायत निर्वाचनलाई प्रभाव पार्ने गरी कुनै पनि गतिविधि गर्न पाइने छैन।बाँकी...

स्रोत : **https://ekantipur.com/politics/2026/03/03/silence-period-**

## निर्वाचन, लोकतन्त्र र नागरिक विवेक

निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो । यो त्यस्तो प्रक्रिया हो, जहाँ नागरिकले आफ्नो सार्वभौम अधिकार प्रयोग गर्दै मतमार्फत राज्यको नेतृत्व चयन गर्छन् । निर्वाचन केवल प्रतिनिधि छान्ने प्रक्रिया मात्र होइन, यो जनताको आवाज, चाहना र आकांक्षालाई शासन प्रणालीसम्म पुऱ्याउने सशक्त माध्यम हो । लोकतान्त्रिक पद्धतिमा जनताले चुनेका प्रतिनिधिहरूले कानुन निर्माण गर्ने, नीति तय गर्ने र नागरिकको हक, हित तथा देशको समग्र समृद्धिका लागि काम गर्ने जिम्मेवारी पाउँछन् । बाँकी...

स्रोत : **https://nagariknews.nagariknetwork.com/opinion/elections-democracy-and-civic-**

## आकांक्षा अभिव्यक्तिको माध्यम

निर्वाचन र लोकतन्त्र एकअर्काका पूरक हुन् । लोकतन्त्र नभई निर्वाचन हुँदैन । निर्वाचन नभई लोकतन्त्र रहँदैन । निर्वाचन लोकतन्त्रको सुन्दर उपहार हो । निर्वाचन लोकको आकाङ्क्षा र आवश्यकता अभिव्यक्त गर्ने सर्वोत्कृष्ट माध्यम हो । निर्वाचन नागरिकको सार्वभौमसत्ताको परिचायक हो । निर्वाचन नागरिकको प्रतिनिधि छनोट गर्ने मौलिक अधिकार हो । निर्वाचन मतपत्रका माध्यमबाट मत प्रकट गर्ने अवसर हो । बाँकी... स्रोत : **https://gorkhapatraonline.com/news/194410**

## रुपन्देही क्षेत्र नं ५ : बुद्ध जन्मभूमिको विकास उम्मेदवारका 'एजेन्डा'

बुद्ध जन्मभूमि लुम्बिनीसँग जोडिएको रुपन्देहीको क्षेत्र नं ५ मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा सबैको चासोको विषय बनेको छ। यस क्षेत्रबाट उम्मेदवार बनेका सबै उम्मेदवारले लुम्बिनीको बृहत्तर विकास र बुद्ध जन्मस्थल लुम्बिनीलाई अन्तर्राष्ट्रिय स्तरमा पहिचान गराउने मुख्य एजेन्डा बन्ने गरेका छन् । बाँकी...

स्रोत : **https://www.ratopati.com/story/274017/election**

## प्रतिनिधिसभा निर्वाचन २०८२ : यस्ता छन् उम्मेदवारका वीरगञ्जकेन्द्रित प्रतिबद्धता

मुलुकको मुख्य आर्थिक तथा औद्योगिक शहर मानिएको वीरगञ्जलाई समेटेको पर्सा जिल्लाबाट उम्मेदवारी दिएका नेताहरूले वीरगञ्ज केन्द्रित आर्थिक विकासको प्रतिबद्धता गरेका छन् । बाँकी...

स्रोत : **https://abhiyandaily.com/news/456652/house-of-representatives-election-2082--these-**

## के हर्क साम्पाङले केपी ओलीलाई हराउन घण्टीमा भोट मागे ?

श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को चुनाव चिह्न 'घण्टी' मा भोट मागेको दावीसहितको भिडिओ सामाजिक सञ्जाल फेसबुकमा भाइरल भएको छ । बाँकी...

स्रोत : **https://www.onlinekhabar.com/2026/03/1880826/did-hark-sampang-**

## प्रेरक प्रसंग : 'म' गएपछि तिमी स्वर्ग जान्छौ

एक प्रसिद्ध गुरुका निकै ज्ञानी शिष्य थिए। उनको नाम महेन्द्रनाथ थियो। एक साँझ महेन्द्रनाथ आफ्ना अन्य मित्रका साथ आश्रमकै बगैँचामा टहलिँदै आपसी वार्तालापमा मग्न थिए। उनीहरूबिच स्वर्ग र नर्कको चर्चा चलिरहेको थियो। बाँकी... स्रोत : **https://www.nayapatrikadaily.com/news-details/189343/2026-02-27**

## प्रेरक प्रसंग : एक्लो प्रयास, एक्लो सफलता

सन् २००४ मा मार्क जुकरबर्ग एक सामान्य विद्यार्थी थिए। उनी अमेरिकाको प्रसिद्ध हार्वर्ड युनिभर्सिटीमा पढ्दै थिए। हार्वर्ड बसाइकै क्रममा उनले एउटा हार्वर्ड कनेक्ट वेबसाइटबारे थाहा पाए। यो वेबसाइट क्यामरोन र टाइलर विंकलवस नामका दुई दाजुभाइले बनाएका थिए। बाँकी...

स्रोत : **https://www.nayapatrikadaily.com/news-details/189463/2026-03-01**

## Geopolitics of Nepal's elections

During the 2025 Gen Z uprising, conspiracy theories about the protests being sponsored by 'American NGOs' were doing the rounds online. Others attributed the early-September unrest to India, which had never liked KP Oli, the then prime minister who was unceremoniously chased away from office. बाँकी...

स्रोत : **https://kathmandupost.com/columns/2026/02/22/geopolitics-of-nepal-s**

## 'Election results to be announced within 24 hours of voting'

The Election Commission has announced plans to publish the results of the First-Past-The-Post (FPTP) elections for the House of Representatives within 24 hours of the completion of voting. the Commission has prepared to immediately collect ballot boxes after voting ends and to proceed with vote counting at a fast pace. बाँकी...

स्रोत : **https://risingnepaldaily.com/news/76093**